का.जि.प्र.का.द.नं. १००/०५९/६०

▢ वर्ष १७, अंक २८७
▢ १८ पुस २०७६, शुक्रबार
▢ 3 January 2020, Friday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

मध्यान्ह
Madhyanha National Daily
राष्ट्रिय दैनिक

# प्रहरीमा राजीनामाको लर्को

केशर धामी/मध्यान्ह
काठमाडौं, १७ पुस

केही महिना अघि मात्र प्रहरी नायव निरीक्षक (सई) प्रशन्न मल्लले राजीनामा दिए। महानगरीय अपराध महाशाखामा कार्यरत सई मल्ल राजीनामा दिँदै अमेरिकातिर हानिए। अमेरिकाको भिसा पाएपछि उनले पाक्नै लागेको पेन्सनको माया मारेर राजीनामा दिएका थिए।

एसएसपीबाट डीआईजी बढुवा नहुँदा प्रहरी वरिष्ठ उपरीक्षक लब विष्टले राजीनामा दिए। बढुवामा आफूलाई छुटाएको भन्दै असन्तुष्ट बनेका विष्टले दाबेदार हुँदाहुँदै पनि बढुवामा नियतबस छुटाइएको भन्दै राजीनामा दिएका थिए।

त्यसो त तत्कालीन डीआईजी नवराज सिलवालले पनि प्रहरी महानिरीक्षक नभएपछि राजीनामा दिएका हुन्। हाल सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का सांसद समेत रहेका सिलवालले आफ्नो कार्यसम्पादन मूल्यांकन राम्रो हुँदाहुँदै पनि अर्का डीआईजी जयबहादुर चन्दलाई महानिरीक्षक बनाइएको भन्दै अदालतमा रिट दर्ता गरेका थिए। अदालतबाट मुद्दा जिते पनि सरकारले सिलवालको सट्टा प्रकाश अर्याललाई महानिरीक्षक बनाएको थियो। त्यसपछि उनी राजीनामा दिएर राजनीतिमा लागे।



यी तीन वटा उदाहरण त प्रतिनिधि पात्र मात्र हुन्। पछिल्लो समय नेपाल प्रहरीमा राजीनामा दिनेको संख्या बढ्दै गएको छ। पछिल्लो केही वर्षमा तीन डिआईजी, तीन एसएसपी गरी छ प्रहरी वरिष्ठ अधिकारीले राजीनामा दिइसकेका छन्। त्यस्तै १० जना प्रहरी नायव उपरीक्षक (डिएसपी), ३९ प्रहरी निरीक्षक, २८७ प्रहरी नायव निरीक्षक (सई), ८५३ प्रहरी सहायक निरीक्षक (असई), ४६२६ प्रहरी हवल्दार, ८९६ प्रहरी जवान र १४२ सहयोगीले राजीनामा दिएका छन्। राजीनामा दिनेमा सबैभन्दा बढी प्रहरी हवल्दार रहेका छन्। प्रहरीको तथ्यांक अनुसार आर्थिक वर्ष ०७४/७५ मा दुई हजार पाँच सय ६४ जनाले राजीनामा दिएका थिए। ०७५/७६ मा सो संख्या बढेर तीन हजार ७५ पुगेको थियो।

राजीनामा दिने अधिकांशले विदेशको यात्रा तय गर्ने गरेको प्रहरी अधिकारी बताउँछन्। ७५ हजार हाराहारी जनशक्ति रहेको प्रहरीमा नियमित राजीनामा आइरहन्छ। तर, अहिले राजीनामा दिनेको संख्या अस्वाभाविक रुपमा बढेको देखिन्छ। दिनहुँ राजीनामा आउन थालेपछि प्रहरी प्रधान कार्यालयले राजीनामा सितिमिति स्वीकृत नगर्नु भनेर मौखिक निर्देशन नै दिएको छ।

पछिल्लो समय प्रहरीले राजीनामा स्वीकृत नगर्ने नीति समेत लिएको छ। प्रहरी सेवामा भन्दा अन्यत्र राम्रो सेवा सुविधा पाएपछि जागिर छाड्नेहरु पहिले पनि हुन्थे। तर, कामको बोझ, पारिवारिक कारण र बढुवामा हुने भेदभाव लगायत कारणले राजीनामा बढिरहेको प्रहरी अधिकारी बताउँछन्।

त्यस्तै सन् २०२२ मा कतारमा हुने विश्वकप फुटबल प्रतियोगिताका कारण पनि प्रहरीभित्र राजीनामा आउने क्रम बढ्न थालेको देखिन्छ। प्रतियोगिताका लागि भौतिक पूर्वाधार तयार पार्न कतारले हजारौं नेपाली कामदार लगिसकेको छ। प्रतियोगिता नजिकिँदै जाँदा कतारलाई ठूलो संख्यामा सुरक्षाकर्मी चाहिएको छ। अहिले कतारमा नेपाली सुरक्षागार्डको माग उच्च छ। यो कामका लागि रोजगारदाता कम्पनीको पहिलो रोजाईमा अवकाश बाँकी पृष्ठ २ मा

# चिनी मिललाई चेतावनी

वीरेन्द्र साह/मध्यान्ह
काठमाडौं, १७ पुस

उखु किसानहरुको बक्यौता रकम उपलब्ध नगराए चिनी मिलहरुको कारोवार रोक्का गर्ने चेतावनी सरकारले दिएको छ। चिनी मिलहरुलाई माघको पहिलो साताभित्र सम्पूर्ण उखु किसानको बक्यौता रकम तिर्न निर्देशन दिइएको जानकारी दिँदै उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले रकम नतिरे कारोबार रोक्का गर्ने जनाएका हुन्।



राष्ट्रियसभा बैठक

उखु किसानको आन्दोलन बारे राष्ट्रिय सभामा उठेका प्रश्नहरुको जवाफ दिदै मन्त्री भट्टले माघ पहिलो साताभित्र उखु किसानको समस्या समाप्त हुने दाबीसमेत गरेका छन्। उखु किसानहरुको बक्यौता रकम मध्ये पुस २५ गतेभित्र ८० प्रतिशत र माघ पहिलो साताभित्र सम्पूर्ण रकम चिनी मालिकहरुबाट तिराउने दाबी मन्त्री भट्टले गरेका हुन्। उनले पुस १६ गतेसम्ममा विभिन्न मिलहरुबाट ६ करोड ५४ लाख भुक्तानी भएको जानकारीसमेत राष्ट्रिय सभालाई दिएका छन्।

बुधबार नै किसानका मागहरुबारे छलफल भएको र ११ बुँदे मागपत्रको सम्बोधनका लागि आश्वस्त तुल्याइएको मन्त्री भट्टले राष्ट्रियसभालाई जानकारी गराए। छलफलबाटै किसानहरुलाई प्रदर्शन रोकेर फिर्ता जान आग्रह गरिएको उनले बताए। राष्ट्रियसभालाई सम्बोधन गर्दै मन्त्री भट्टले भने, 'मन्त्रीस्तरबाटै चिनी मिलका मालिकहरुलाई बोलाई छलफल गरेका छौं। मंसिर १७ गते नै चिनी मिल सञ्चालक र उखु किसानका प्रतिनिधिहरुसँग छलफल गरेर रकम भुक्तानीको निर्णय गरेका थियौं।'

उखु किसानलाई नेपाल सरकारबाट दिइने अनुदान रकमको कार्यविधि सरल र व्यवहारिक बनाउन कृषि मन्त्रालयलाई निर्देशन दिइएको मन्त्री भट्टले जनाए। यसैगरी पुस ३ गते पुनः बैठक बसी विगत वर्षको उखुको बाँकी पृष्ठ २ मा

# भ्रमण वर्षको प्रचारमा राजदूतहरु

काठमाडौं : बुधबारबाट शुभारम्भ भएको नेपाल भ्रमण वर्ष २०२० को लागि नेपाल सरकारले विश्वभरी प्रचार प्रसार गर्दैछ भने नेपालस्थित कुटनीतिक नियोगका अधिकारीहरुले पनि प्रचार-प्रसारमा सक्रियता बढाएका छन्।

भ्रमण वर्ष सुरु हुनुभन्दा अघिल्लो दिन अर्थात मंगलबार नै नेपालका लागि चिनियाँ राजदूत होउ यान्छीले फोटो शुट गराएर भ्रमण वर्षको प्रचार प्रसारमा लागेकी थिइन्। उनले काठमाडौंको विभिन्न कलात्मक मन्दिरको भ्रमण गर्दै नेपाल भ्रमण वर्षको सफलताको शुभकामना पनि दिएकी थिइन्।

पर्यटन वर्ष सुरु भएको बुधबार पनि उनले फोटो सुट गरेर समाजिक सञ्जालमा पर्यटन वर्षको प्रचार प्रसार गरेकी थिइन्। चिनियाँ राजदूतले पर्यटन वर्षको प्रचार प्रसार गरिरहँदा अमेरिकी राजदूत र्‍याण्डी बेरीले पनि प्रचार प्रसारमा सक्रियता देखाएका छन्। बिहीबारदेखि राजदूत बेरीले आफ्नो ट्वीटरमार्फत भ्रमण वर्ष सफल पार्न विभिन्न कार्य गर्ने जनाएका छन्। राजदूत बेरीसहित अमेरिकी मिसनका समाजिक सञ्जालमार्फत जनवरी महिना भरी नेपालको पर्यटन क्षेत्रसँग सम्बन्धीत फोटो तथा स्टोरीहरु राख्ने नेपालस्थित अमेरिकी दूतावासले जनाएको छ।

दूतावासको फेसबुक पेजमा भनिएको छ, 'नेपाल भ्रमण वर्ष २०२० शुरु भएको छ। राजदूत बेरीले आफ्नो ट्वीटरमार्फत सो अभियानलाई सघाउन जनवरी महिनाभर नेपालस्थित अमेरिकी मिशनका सबै सामाजिक संजालहरूमा नेपाललाई एक उत्कृष्ट पर्यटकीय गन्तव्यको रूपमा प्रचार गर्ने घोषणा गर्नुभएको छ। आउने केही साता हामी नेपालस्थित अमेरिकी मिशनमा कार्यरत कर्मचारी र परिवारले नेपाल घुम्दाको अनुभव र तस्वीर यहाँहरू समक्ष बाँड्नेछौं जसले नेपाल घुम्न आउने हजारौं अमेरिकी पर्यटकहरूजस्तै नेपालको सुन्दरतामा रमाउन मन पराउनुहुन्छ। हामी राजदूत बेरीले गएको वर्ष नेपाल घुम्दाको केही क्षणहरू यहाँ बाँड्दैछौं।'

# 'भ्रम फैलाइयो'



मध्यान्ह संवाददाता
काठमाडौं, १७ पुस

सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल बाँस्कोटाले सूचना प्रविधि विधेयकका विषयमा भ्रम फैल्याएको गुनासो गरेका छन्। मन्त्रिपरिषद् बैठकका निर्णय सार्वजनिक गर्न बिहीबार सिंहदरबारमा आयोजित नियमित पत्रकार सम्मेलनमा मन्त्री बाँस्कोटाले अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने हिसाबमा सूचना प्रविधि विधेयक सरकारले नल्याएको भन्दै भ्रममा नपर्न आग्रह गरेका हुन्।

उनले सामाजिक सञ्जालका प्रत्येक प्रयोगकर्ताले दर्ता गर्नुपर्ने भनेर भ्रम फैलाइएको भन्दै असन्तुष्टि समेत जनाए। मन्त्री बाँस्कोटाले भने, 'दर्ता आम प्रयोगकर्ताले होइन, जसले सामाजिक सञ्जाल चलाउँछु भन्छ, त्यसले गर्नुपर्छ।'

मन्त्री बाँस्कोटाले जसलाई मन लाग्यो उसलाई कारबाही र कसैको मान मर्दन गर्नका लागि सरकारले कानून ल्याउन नखोजेको दाबी गरे। नेपालमा फेसबुक प्रयोगकर्ता ९० लाख र ट्वीटर प्रयोगकर्ता मात्रै ४० लाख रहेको बताउँदै मन्त्री बाँस्कोटाले यत्रो प्रयोगकर्ता भएको सामाजिक सञ्जालमा नेपालमा दर्ता भएरमात्रै बाँकी पृष्ठ २ मा

## चक्रपथ विस्तारका लागि जग्गा अधिग्रहण गरिने

**काठमाडौं/मस-** सरकारले चक्रपथ विस्तार परियोजनाअन्तर्गत कलंकी महाराजगञ्ज धोबिखोला खण्डको सडकसीमा ३१-३१ मिटर कायम गर्न आवश्यक पर्ने जग्गा अधिग्रहण गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ। बिहीबार सिंहदरबारमा आयोजित नियमित पत्रकार सम्मेलनमा सञ्चार तथा सूचना प्रविधि मन्त्री गोकुल बाँस्कोटाले उक्त निर्णय भएको जानकारी दिए।

त्यस्तै सरकारले ऋण असुली न्यायाधीकरणको बैंकिङ सदस्यमा काठमाडौं टोखाका नरेशराज अर्याललाई पाँच वर्षका लागि पुनः नियुक्त गरेको छ। यस्तै सरकारले साँस्कृतिक संस्थानको अध्यक्षमा प्रेमनाथ अधिकारी र संस्थानको महाप्रबन्धकमा ताप्लेजुङका अशोकुमार राईलाई चार वर्षका लागि नियुक्त गरेको छ।

**निर्णयहरु :**

१. ऋण असुली न्यायाधीकरणको रिक्त बैंकिङ सदस्य पदमा टोखा नगरपालिका वडा नं ४, काठमाडौं निवासी नरेशराज अर्याललाई आगामी पाँच वर्षका लागि पुनः नियुक्ति गर्ने निर्णय गरिएको छ।

२. जलविद्युतसँग सम्बन्धित आयोजना तथा बाँकी पृष्ठ २ मा

# सरकार र वैदेशिक रोजगार व्यवसायी प्रतिस्पर्धी होइनन् : श्रममन्त्री यादव

मध्यान्ह संवाददाता
काठमाडौं, १७ पुस

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री रामेश्वर राय यादवले वैदेशिक रोजगारीमा जाने कामदारहरुको सुरक्षा र देशमा आउने रेमिट्यान्सको सुनिश्चितताका लागि मन्त्रालय गहन गृहकार्यमा रहेको जानकारी दिएका छन्। वैदेशिक रोजगार पत्रकार समाजको नवनिर्वाचित कार्यसमितिलाई बुधबार सिंहदरबारस्थित मन्त्रालयको कार्यकक्षमा बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दै मन्त्री यादवले उक्त धारणा व्यक्त गरेका हुन्।



नेपाल कृषि प्रधान मुलुक भएपनि श्रम गर्न सक्ने जनशक्ति विदेश निर्यात गरेर उपभोग्य वस्तु आयात गर्नुपर्ने अमिल्दो अवस्था उत्पन्न भएको भन्दै मन्त्री यादवले सरकार यो अवस्थालाई परिवर्तन गर्ने योजनामा रहेको र केही दिनभित्रै तीन महिने कार्ययोजना सार्वजनिक गर्ने तयारीमा मन्त्रालय रहेको जानकारी दिए।

आफू शुरु देखि नै शोषण मुक्त वैदेशिक रोजगारीका पक्षमा रहेको बताएउँदै उनले विगतका कमी कमजोरी सच्याउँदै आफू वैदेशिक रोजगार क्षेत्रलाई सहजरुपमा अघि बढाउन क्रियाशिल रहेकोले सञ्चार क्षेत्रले सक्रिय रुपमा बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## पत्रकार समाजले मनायो दशौं वार्षिकोत्सव



**काठमाडौं/मस-** वैदेशिक रोजगार पत्रकार समाजले आफ्नो स्थापनाको दशौं वार्षिकोत्सव मनाएको छ। बिहीबार राजधानीको अनामनगरमा नेपाल पत्रकार महासंघका महासचिव रमेश विष्टको प्रमुख आतिथ्यतामा एक कार्यक्रमकाबीच केक काटेर समाजले दशौं वार्षिकोत्सव मनाएको हो।

सो अवसरमा शुभकामना मन्तव्य राख्दै महासंघका महासचिव विष्टले देशको अर्थतन्त्रमा उल्लेख्य योगदान पुऱ्याएको वैदेशिक रोजगार क्षेत्रलाई कसैले पनि उपेक्षा गरेर जाने अवस्था नरहेको भन्दै यस क्षेत्रका सञ्चारकर्मीहरुको क्षमता अभिवृद्धिका लागि महासंघले बाँकी पृष्ठ २ मा

**मार्केटिङ वा पार्टनर चाहियो**

एक प्रतिष्ठित मेनपावर कार्यालयका लागि साउदी, कतार, यू.ए.ई., मलेशिया लगायत मुलुकमा मार्केटिङ गर्न सक्ने कर्मचारी वा पार्टनर आवश्यक भएकोले इमान्दार इच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क राख्नुहोला।

**सम्पर्क :**
९८१०१७७०८३, ९८५१०१४५३८

MR. VALET PARKING SOLUTIONS

**कतारमा नेपाली लाईट ड्राइभरहरुलाई Valet Parking मा रोजगार**

कम्पनी: MR VALET PARKING SOLUTIONS, DOHA

L.T. No.: 227802

1. Driver 39 0 1700

Nepali, GCC / Qatar License भएकाहरुले सम्पर्क राख्नु होला।

फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट
मेनपावर कार्यालय, सामाखुसी, काठमाडौंमा पुस २५ र २६ गते (10 & 11 Jan. 2020) मा
बाजेको सेकुवा, पोखरा, कास्कीमा पुस २७, २८ र २९ गते (12, 13 & 14 Jan. 2020) हुनेछ।

आर. बि. ओभरसिज प्रा. लि.
गोंगबु, काठमाडौं, फोन: ४३५०२१५, ४३५००४३, ९८०१०३९८८६, ९८०११९३०७८, ९८०११९३०७९

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघको अत्यन्त जरुरी सूचना**

वैदेशिक रोजगार विभागले कार्यान्वयनमा ल्याएको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (FEIMS), नेपाल वैदेशिक रोजगार व्यवसायी संघले कार्यान्वयनमा ल्याउन लागेको म्यानपावर म्यानेजमेन्ट सिष्टम (Manpower Management System) र संघद्वारा सञ्चालनको तयारीमा रहेको वेभ पोर्टल (Web Protel) का बारेमा यस नेपाल वैदेशिक रोजगार व्यवसायी संघमा आवद्ध सदस्यहरुलाई राजधानीको बत्तीस पुतलीस्थित अनुपम फङ्ल्याण्डमा निम्न बमोजिम तालिम आयोजना गरिएकाले ईजाजतपत्रवाला सञ्चालक तथा श्रम स्वीकृति प्रकृयाको जिम्मेवारी वहन गर्ने कर्मचारी एक जना गरी दुई जना प्रतिनिधि अनिवार्य सहभागी भई तालिम लिन सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीज्यूहरुमा हार्दिक अनुरोध गरिन्छ।

| मिति | ईजाजतपत्र नं | समय |
|---|---|---|
| २०७६।०९।२० आइतवार | इजाजतपत्र नं १ देखि ३८५ सम्म | बिहान ११ बजे देखि १ बजेसम्म |
| २०७६।०९।२० आइतवार | इजाजतपत्र नं ३८६ देखि ७७० सम्म | दिउँसो २ बजे देखि ४ बजेसम्म |
| २०७६।०९।२१ सोमबार | इजाजतपत्र नं ७७१ देखि ११५५ | बिहान ११ बजे देखि १ बजेसम्म |
| २०७६।०९।२१ सोमबार | इजाजतपत्र नं ११५६ देखि माथि सबै | दिउँसो २ बजे देखि ४ बजेसम्म |

सुजित कुमार श्रेष्ठ
महासचिव

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
बत्तीसपुतली, गौशाला, काठमाडौं, फोन नं. ०१- ४४९०९६९/४४९४४१८
E-mail: info@nafea.org.np/nafea@wlink.com.np/ nafea69@gmail.com
Website: www.nafea.org.np/ Facebook: www.facebook.com/nafeaorg

# पर्यटकको पर्खाइमा च्छो-रोल्पा हिमताल

**राजन बस्नेत/मध्यान्ह**
दोलखा, १७ पुस

दोलखाको उत्तरी भेगमा रहेको च्छोरोल्पा हिमताल अहिले बाह्य तथा आन्तरिक पर्यटकहरुको पर्खाइमा रहेको छ।

च्छोरोल्पाको प्राकृतिक सौन्दर्यताले भरिपूर्ण रहेको छ।

च्छो-रोल्पाको पहिचान हिमतालमा मात्र सिमित नभई नेपाल कै नयाँ प्राकृतिक सौन्दर्यताको नयाँ गन्तब्य बन्न पुगेको छ।

तपाईले एक हप्ताको भ्रमण योजना बनाउनु भएको छ भने च्छोरोल्पा एक प्रमुख गन्तव्य हुनसक्छ।

डुलुंग हिमालको काखमा करिब ४,६०० मिटरको उचाईमा अवस्थित च्छोरोल्पा हिमताल नेपालको एकमात्र सबै भन्दा उचाईमा रहेको गहिरो हिमताल हो ।

दोलखा जिल्लाको गौरीशंकर गाउँपालिकामा अवस्थित यो ताल प्राकृतिक सौन्दर्यताले भरिपूर्ण छ।

गौरीशंकर हिमशृंखलाको मनोरम दृश्यावलोकनसँगै खोलाको सुस्केरा र गौरीशंकर संरक्षण क्षेत्रको जंगलको सुगन्धित जडिबुटीको सुगन्ध, चराचुरुङ्गीको आवाजसँगै जोडिने यो पदयात्राले हरेक पल हरेक दिन प्रकृतिको नयाँ-नयाँ स्वरूप र सुन्दरतासँग जोड्छ।

मोटर यात्रा सिंगटी नजिकको गाउँ छेतछेतसम्म गर्न सकिन्छ यो समुन्द्री सतहबाट १,३९८ मिटरको उचाईमा अवस्थित ठाउँ हो।

छेतछेतबाट करिब ३,००० पाइला तय गरी ३ घण्टाको पैदल यात्रा सोही दिन गर्न सकिन्छ र त्यो दिनको अन्तिम गन्तब्य सिमिगाँउ हो जुन समुन्द्री सतहबाट २,०१९ मिटरमा अवस्थित छ।



बाटोमा देखिने चौरी गोठ होस् वा घना जंगलमा देखिने हरिया वनस्पतिको झाडी होस् वा अझ ठूलाठूला पहाडहरु होस् प्रकृतिले भरपुर मात्रामा तपाईलाई आकर्षण गरेको भान हुन्छ।

करिब ४/५ घण्टा को यात्रा पछि सुर्मुचे ९२,४७० मि. पुगिन्छ, यहाँ खाना खान वा विश्राम गर्न उपयुक्त व्यवस्था मिलाएको छ।

वनजंगलको सितलता अग्लो डाँडाकोमाथि हिमालको चुचुरोहरु, खोलामा देखिने कल्कलौदो झरनाहरु र मानव निर्मित काठे पुलहरुले हिमाली जनजीवनको छ। विचित्र निर्माण गरेको अनुभव गर्न सकिन्छ। साथै प्रकृतिको सौन्दर्यतालाइ मन मस्तिकमा कैद गर्दै करिब ७/८ घण्टाको यात्रा पछी बेदिंग ९३,७९१ मि.पुग्न सकिन्छ।

प्राय:सँधै हिउँ परिरहने यो हिमाली गाउँ बेदिङ गौरीशंकर हिमालको काखैमा अवस्थित एउटा सानो हिमगाउँ हो। सँधै जाडो आलुको परिकार र ढिडो यो बस्तीको मुख्य विशेषता पनि हो। बिहान उठ्ने, चौरी दुहुने, र ढीपाखी बनाउने र दुधको परिकार बनाएर जिवन निर्वाह गर्ने यो गाउँबासीको पेशा थियो एकताका। सेन अर्थात् ढिडो र चौरीको दुधमा हुर्किएको यो शेर्पागाँउ अर्थात बेदिङगाउको चिनारी अहिले फेरिएको छ।

चौरी चराउने पेशा छोडेर अनि दुधको परिकार बनाउन छोडर हिमाल आरोहणलाई मुख्य पेशा बनाउँदै जीवन चलाउने यो बस्तीको चिनारी बनेको छ।

दोलखा जिल्लाको गौरीशंकर गाउँपालिकामा पर्ने यो गाउँ शेर्पाको आदिम बासस्थान हो। पर्ततारोहणको उदय नहुँदा यो गाउँ अर्कै नेपाल जस्तो लाग्थ्यो बेदिङवासीलाई। अहिले पनि सरकार र स्थानीयस्तरको रुपमा रहेको पालिका कै नजरमा पनि टाढाको ठाउँ बनेको यो जाब्लुक बेदिङ र नागाँउको दुरी अझै नजिकिएको छैन। यो समुन्द्री सतहबाट करिब ३,९४३ मिटरमा अवस्थित छ। यो च्छो-रोल्पा हिमतालबाट सबैभन्दा नजिकको गाउँ पनि हो।

ना च्छो-रोल्पा हिमताल हिमाल कै काखमा रहेकोले तालको सौन्दर्यता अतुलनीय छ। यो ताल जाडोयाममा भने जमेर हिउँमा परिणत हुने गर्दछ। पुरै तालको लम्बाई फन्को मार्न करिब १/२ घण्टा जति लाग्ने गर्दछ। तालको मुहान वा कुना तिर हिमालको काखबाट खस्ने हिमतालको आवाज अनौठो लाग्ने गर्दछ प्रकृतिमा र माउनेहरुको लागि यो स्थान साचै नै मनोरम छ।

च्छो-रोल्पा ताल को आसपासमा रहेको नया ठाउँ दुध कुण्ड पुग्न सकिन्छ। दुध कुण्डको निलो जल सुशोवित कुण्डले च्छो-रोल्पा तालालाइ र सिरमा रहेको हिमाललाइ गिज्याइरहेको अनुभव गर्न सकिन्छ।

च्छो-रोल्पा हिम ताल को प्रचारप्रसार र बाटो घाटो लाई अझै व्यवस्थित गर्न सके आन्तरिक तथा बाह्य पर्यटक बढ्ने निश्चित छ। स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारको बेलैमा ध्यान जाने हो भने 'भ्रमण वर्ष २०२०' को पनि उत्कृष्ट गन्तव्य बन्ने निश्चित छ।

# प्रदेश-२ प्रदेशसभा अनिर्णयको बन्दी




**जनकपुरधाम/मस-** प्रदेश नम्बर- २ को प्रदेशसभा बैठक सरकारी अनिर्णयको बन्दी बन्दै गइरहेको छ। सरकारले विकाश निर्माणका कामहरुमा गत वर्ष भएका गतिविधिबारे निर्णय गर्न नसक्दा बैठक विभिन्न स्थगित हुँदै आएको हो।

करिब डेढ महिनापछि १४ पुसमा बोलाइएको प्रदेशसभाको पहिलो बैठक ४० मिनेट बसेर अवरुद्ध भयो। यसको भोलिपल्ट पुन: १५ पुषमा अर्को बैठक बोलाइयो। उक्त बैठक मुस्किलले पाँच मिनेट मात्र चल्यो। प्रदेशसभा बैठकमा प्रतिपक्षी दलका साथै सत्तापक्षका केही सांसदहरुको विरोधगरेपछि बैठक अवरुद्ध भएको थियो।

विवाद चुलिदै गएपछि सभामुख सरोज यादवले एक दिनपछि पुष १७ गते १ बजे बस्ने गरी बैठक स्थगित गरे। तर, बिहीबार बोलाइएको बैठक पनि बस्दैनबसी सात दिनको लागि स्थगित भयो। प्रदेशसभाको अर्को बैठक पुष २४ गते १ बजेका लागि बोलाएर स्थागित भयो।

प्रदेशसभा बैठकमा गत आर्थिक वर्षमा सम्पन्न विकास निर्माणका योजनाहरुले उपभोक्ता समितिलाई भुक्तानीबारे प्रदेश सरकारले निर्णय गर्न नसक्दा प्रदेशसभा बैठक पटकपटक अवरुद्ध हुँदै आएको हो। यसअघि पनि सरकारले उपभोक्ताहरुको भुक्तानी नगरेको भन्दै प्रतिपक्षी दलले विरोध जनाएपछि डेढ महिनासम्म प्रदेशसभा बैठक अवरुद्ध गरेको थियो।

सरकारले यस विषयमा छलफल गर्न करिब डेढ महिना वितायो। तर, यस विषयमा निर्णय गर्न सकेन। यसको प्रतिफल बैठक नियमित हुन सकेको छैन। गत आर्थिक वर्षको अन्त्यमा सरकारका विभिन्न मन्त्रालयले वितरण गरेको योजनाको उपभोक्ता समितिका पदाधिकारीमा मन्त्री र सांसदकै आफन्त तथा कार्यकर्ताहरु छन्।

सरकारले उपभोक्ता समितिलाई ८६ करोड रुपैयाँ भुक्तानी गर्न बाँकी छ। तर, सरकार यस विषयमा आफै अलमलमा परेपछि प्रदेशसभा बैठकसमेत अनिर्णयको बन्दी भएको हो। प्रतिपक्षी नेकपा, नेपाली कांग्रेसका साथै सत्तासीन राजपाका केही सांसदहरुले उपभोक्ताहरुको भुक्तानीबारे मुख्यमन्त्री स्वयं सदनमा उपस्थित भएर जवाफ दिनुपर्ने माग गरेका छन्। तर मुख्यमन्त्री सदनमा उपस्थित हुन नचाहेको प्रतिपक्षी नेपाली कांग्रेसका प्रमुख सचेतक उपेन्द्र कुशवाहाको आरोप छ।

मुख्यमन्त्री स्वयं उपस्थित भएर जबाफ दिनुपर्ने प्रतिपक्षी दलहरुले अडान राखेपछि सभामुख यादवले सरकारलाई रुलिङसमेत गरेका छन्। तर उपभोक्ता समितिको भुक्तानीबारे सरकारले आवश्यक तयारी गर्न नसकेपछि थप सात दिनका लागि बैठक स्थगित भएको बताइएको छ। भुक्तानीका लागि सरकारले अटेर गरेको भन्दै मंगलबार उपभोक्ता समितिका पदाधिकारी र सदस्यहरुले विरोध प्रदर्शन गर्दै प्रदेशसभा घेराउसमेत गरेका थिए।

प्रदेशसभा बैठक नियमित हुन नसकेपछि सरकारले दुई वर्षको अवधिमा हालसम्म जम्मा २३ वटा कानुनमात्र बनाउन सकेको छ भने प्रदेशसभा सचिवालयमा पछिल्लो पटक दर्ता भएका चारवटा विधेयक अलपत्र अवस्थामा छन्।

# वडाका समस्या वडामै समाधान

**चिप्लेढुङ्गा/मस-** वडाका समस्या वडामै समाधान गर्नकालागि पोखरा महानगरपालिकाले वडामै मेलमिलाप केन्द्र स्थापना गरेको छ। स्थानीय तह न्यायिक समितिले मेलमिलापका कामहरु छिटोछरितो गर्ने समाधान गर्ने उद्देश्यले वडामै मेलमिलाप केन्द्र स्थापना गरेको हो।

पहिलो चरणमा महानगरको वडा नं १ मा यो कार्यक्रम लागु गरेको छ। पोखरा महानगरपालिका उपप्रमुख एवं न्यायिक समितिका संयोजक मञ्जुदेवी गुरुङले मेलमिलापमार्फत समाजमा सद्भाव कायम हुने बताउँदै वडा तहका विवाद समाधानमा सहजता ल्याउन ११ वटै तहमा केन्द्र स्थापना गरिने बतायइन्।

मेलमिलापकर्ता न्यायिक समितिकै अंग भएको बताउँदै पक्ष-विपक्ष दुवैलाई सहमतिमा ल्याएर विवाद समाधान गर्नुपर्ने उनको भनाइ थियो। उनले मेलमिलापकर्ताको भूमिका स्थानीय सरकार सञ्चालन ऐन र महानगर न्यायिक समितिको कार्यविधिमा रहेर मेलमिलाप गराउन आग्रह गरिन।

उपप्रमुख गुरुङले न्यायिक समितिले १३ विवाद फैसला गर्न पाउने र ११ विवादमा मेलमिलाप गराउन सक्ने व्यवस्था रहेको बताउँदै न्यायिक समितिको अधिकार क्षेत्र र मेलमिलापकर्ताको काम, कर्तव्य र अधिकारबारे बताइएको थियो। गुरुङले वडा तहमै विवाद समाधान हुँदा अदालती झन्झट, आर्थिकको बचत, सामाजिक सद्भाव र पक्ष विपक्ष दुवैले जित्ने भएकाले मेलमिलाप उत्तम उपाय भएको बताइन।

न्यायिक समिति सदस्य पार्वती कार्कीले संविधान र स्थानीय सरकार सञ्चालन ऐनले गरेका व्यवस्थामा टेकेर न्यायिक समितिले काम गर्ने जनाइन्। वडा नं १ का अध्यक्ष शारदाकुमारी पराजुलीले वडामा हुने विवाद समाधानमा मेलमिलापकर्ताको भूमिका महत्वपूर्ण हुने धारणा राखिन। पोखरा महानगरपालिकाको न्यायिक समिति गत वर्ष पहिलो चरणमा १० वडामा न्यायिक समिति गठन गर्ने कार्य सम्पन्न गरेको थियो। दोस्रो चरणअन्तर्गत अब महानगरका सबै वडामा केन्द्र स्थापना गरिने न्यायिक समिति सदस्य किशोर बरालले बताए।

# २२ गते टुंग्याइँदै प्रदेश-३ को राजधानी र नामाकरण

**काठमाडौं/मस-** प्रदेश-३ सरकारले प्रदेशको स्थायी राजधानी र नामाकरण २२ गते टुंगो लगाउने तयारी गरिएको छ।

प्रदेश-३ को प्रदेशसभा कार्यव्यवस्था परामर्श समितिको बैठकले २१ गतेदेखि सुरु हुने हिउँदे अधिवेशनमा नै प्रदेशको नाम र स्थायी मुकाम तोक्ने सम्बन्धी प्रस्ताव पेस गर्ने सम्भावित कार्यसूची तय गरेको तयारीमा जुटिरहेको जनाइएको छ।

यसअघि नेकपा सचिवालयको बैठकले प्रदेश-३ को स्थायी राजधानी हेटौडा र नाम बागमती राख्न निर्देशन दिएको थियो। तर, प्रदेशसभामा यस विषयमा छलफल भइरहेको छ। प्रदेशले यसैलाई मान्यता दिने वा आफैले सदरमुकाम र राजधानी तोक्ने भन्ने विषयमा छलफल गर्ने तयारी गरिरहेको छ।

## प्रहरीमा...

प्राप्त प्रहरी पर्ने गरेका छन्।

राजीनामा आउनुको अर्को कारण अहिलेसम्म पाइँदै आएको उपचार खर्च वापतको एकमुष्ट रकम अब नपाइने हल्ला पनि हो। पेन्सनपछि राजीनामा दिनेले एकमुष्ट उपचार खर्च पाउने गरेका छन्। यस्तो रकम नपाइने हल्ला प्रहरीभित्र यति फैलिएको छ कि प्रहरी प्रधान कार्यालयले 'औषधी उपचार वापत पाउने रकम कटौति भएको छैन' भनेर सूचना नै जारी गर्नु परेको छ।

औषधी उपचार वापत प्रहरी सहायक निरिक्षक (असई) सम्मले २१ महिनाको तलव, प्रहरी नायव निरिक्षक (सई)ले १८ महिना र इन्सपेक्टर भन्दा माथिकाले एक वर्षको तलव एकमुष्ट पाउँछन्।

प्रहरी प्रवक्ता (डिआईजी) शैलेस थापा क्षेत्री पनि राजीनामा दिनेको संख्या बढिरहेको स्वीकार गर्छन्। प्रवक्ता डीआईजी थापा क्षेत्री भन्छन्, 'संगठनभित्र सेवा सुविधा कम भएपछि राजीनामा आउन थालेको छ।' वैदेशिक रोजगारमा पूर्वप्रहरीले सुरक्षा गार्डको राम्रो जागिर पाउने भएकाले पनि राजीनामा दिनेको संख्या बढिरहेको उनले बताए। 'राजीनामा दिने दर्जा हेर्नुभयो भने धेरै सई, असई, हवल्दार र जवानको संख्या छ', क्षेत्रीले भने, 'पेन्सन हुनेबित्तिकै छाड्ने संख्या बढ्दो छ।' राजीनामा स्वीकृत नहुन थालेपछि राजीनामा स्वीकृत गरिदिनुपर्‍यो भन्दै सोर्सफोर्स आउन थालेको महानगरीय प्रहरी कार्यालयका प्रमुख (डिआईजी) विश्वराज पोखरेल बताउँछन्।

## चिनी...

मूल्यमा कम नहुने गरी ५३६ रुपैयाँ ५६ पैसा निर्धारण गरिएको पनि उनले जनाए।

पुस १३ गते अन्नपूर्ण मिल र इन्दिरा मिलका सञ्चालकलाई सम्पर्कमा ल्याउन गृह मन्त्रालयलाई अनुरोध गरिएको जानकारी दिँदै उनले भने, 'सम्पर्कमा नआएका मिल सञ्चालकहरुले ऊर्जा तथा सिँचाइ मन्त्रालयको विभिन्न काम गरिरहेको बुझिएकोले सो मन्त्रालयबाट उनीहरुलाई भुक्तानी नगर्न पुस १५ गते पत्राचार गरिएको छ।' पुस १५ गते अनुदानबापत सरकारबाट उपलब्ध नभएको रकम अर्थ र कृषि मन्त्रालयलाई सहजीकरणका लागि अनुरोध गरिएको उनले जनाए।

अहिलेसम्मको प्रगतिबारे मन्त्री भट्टले भने, 'महालक्ष्मी मिलले पुस २५ गतेसम्म उखु किसानको सम्पूर्ण बक्यौता तिर्ने लिखित प्रतिवद्धता गरेको छ। अन्नपूर्ण र इन्दिरा मिलका सञ्चालक राकेश कुमार अग्रवाल मन्त्रालयको टेलिफोन सम्पर्कमा आएका छन्। श्रीराम सुगर मिलको जग्गा बेचेर भए पनि किसानको रकम तिर्न र मिल सञ्चालनसहितको कार्ययोजनासहित मन्त्रालयमा आउन भनिएको छ। कार्ययोजना पेस गर्ने सञ्चालकले जनाएका छन्।'

यसै वीच राष्ट्रिय सभाले कालापानी र लिपुलेकलगायतका सीमा समस्या समाधान गर्न सरकारलाई निर्देशन दिएको छ। विहीबारको राष्ट्रिय सभा बैठकले उच्चस्तरीय राजनीतिक पहलबाट समस्या समाधानका लागि सरकारलाई निर्देशन दिएको हो।

सीमा विवाद समाधानका लागि राष्ट्रिय सभामा संकल्प प्रस्ताव दर्ता भएपछि राष्ट्रिय सभाबाट उक्त निर्देशन भएको हो। नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का प्रमुख सचेतक खिमलाल भट्टराई प्रस्तावक र प्रमुख विपक्षी नेपाली कांग्रेसकी सरिता प्रसाईं समर्थक रहेको उक्त संकल्प प्रस्ताव सर्वसम्मतिले पारितसमेत भएको छ। सम्पूर्ण राजनीतिक दल र नेपाली जनताको अभूतपूर्व एकता कायम राख्न, नेपालको सम्पूर्ण सीमाहरुमा देखिएका समस्या समाधान राष्ट्रिय सहमतिका साथ अगाडि बढ्न र भारतसँगको सीमा समस्या निश्कर्षमा पऱ्याउन राष्ट्रिय सभाले सरकारलाई निर्देशन दिएको हो।

संकल्प प्रस्तावको छलफलका क्रममा सांसदहरुले उठाएका प्रश्नको जवाफ दिँदै परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले भारतले लिपुलेक, कालापानी र लिम्पियाधुराको सीमामा समस्या रहेको स्वीकार गर्दै वार्ताका लागि तयार रहेको जानकारी दिए। सरकारले कूटनीतिक नोटमार्फत नोभेम्बर २३ मा वार्ता गर्ने भने पनि भारतले उक्त मिति नाघिसकेपछि मात्र नेपाललाई पत्राचार गरेको जनाए। अहिले नेपाल र भारत दुबै पक्षलाई अनुकुल हुने वार्ताको नयाँ मिति तोक्ने तयारीमा रहेको परराष्ट्रमन्त्री ज्ञवालीले बताए।

राष्ट्रिय सभामा उनले भने, 'यसमा समस्या रहेको कुरालाई स्वीकार गर्दै वार्ताबाट समाधान गर्न वार्तामा बस्न तयार रहेको भारतको स्पस्टोक्ति छ। सरकारले त्यसलाई सकारात्मक रुपमा लिएको छ। अहिले दुबै देशका सम्बन्धित पदाधिकारी दुबैलाई अनुकुल हुने डेटको बारेमा परामर्शमा छौं।'

त्यस्तै मन्त्री बाँस्कोटाले उखु किसानलाई राहत दिने हिसावमा सरकार अघि बढेको पनि जानकारी दिए। किसानले मर्का ब्यहोर्नु नपर्ने गरी सरकारले काम गरिरहेको उनको भनाइ थियो।

उनले भने, 'यो समस्या एक हिसाबले क्रोनिकजस्तो भएको छ। सरकारले उखुको मूल्य तोक्ने कुरा भइसकेको छ। सम्बन्धित मन्त्रालयले कडा कदम चालेको र गृहमन्त्रालयले किसानको उखुको मूल्य नदिने व्यक्तिलाई समातेर क्षतिपूर्ति दिलाउने कामका लागि पहल गरिएको छ।'

उनले सरकारले अब किसानलाई सिधै अनुदान प्रदान गर्न सहकारी अथवा कृषक समूहका माध्यमबाट पठाउने प्रबन्ध मिलाउँदै गरेको जानकारी दिए। उनले भने, 'किसानलाई सिधै अनुदान पठाउने उपयुक्त माध्यम छैन। सोझै किसानकोमा कसरी जान्छ हामी त्यसको खोजीमा छौं। चिनी उत्पादक कारखाना र व्यापारी एउटै नाम आएको छ। चिनीको कृत्रिम अभाव र कालोबजारी गर्ने काम भइरहेको छ। यसलाई रोक्न सरकारले पहल गरिररहेको छ।'

## भ्रम....

सञ्चालन गरिनुपर्ने कानून बनाइनु गलत नुहने तर्क गरे। अन्य मुलुकहरुमा पनि दर्ता गरेरमात्रै सञ्चालन गर्ने व्यवस्था रहेको बताउँदै उनले नेपालमा यही व्यवस्था गर्न खोजिएको धारणा राखे।

उनले सामाजिक सञ्जालमा मनपरी गर्नेलाई सरकारले नै कारबाही गर्ने नभइ कुनै निकायले तथ्य र प्रमाणको आधारमा गर्ने बताए। 'सरकारले नै सबैलाई जसलाई मन लाग्यो त्यसलाई कारबाही गर्छ भन्ने जसरी हल्ला चलाइएको छ। विधेयकको धारा १५ को उपदफा २ मा दशी प्रमाणको आधारमा कारबाही गर्ने भनिएको छ, सरकारले कारबाही गर्ने पनि होइन' मन्त्री बाँस्कोटाले भने, 'जिस्क्याएको, होच्याएको, मानमर्दनको सवालमा पनि आलोचना गर्नेबाट आफू अनुकूल ब्याख्या गर्ने काम भएको छ।'

सूचना प्रविधि विधेयक डिजिटल हस्ताक्षर, साइबर सुरक्षा र विद्युतीय माध्यमबाट हुने हिंसा नियन्त्रण गर्न लक्षित भए पनि यसतर्फका बहस नभएको मन्त्री बाँस्कोटाको भनाइ थियो। मन्त्री बाँस्कोटाले केही पत्रकारले आफूलाई आफ्नो निजी जीवनलाई नै प्रभावित गर्ने गरी सामाजिक सञ्जालमा लेखेको भन्दै आपत्ति समेत जनाए।

## चक्रपथ...

कम्पनीबाट अनुरोध भई आएका ९ वटा जलविद्युत आयोजना (उत्पादन, प्रसारण, वितरण र विस्तार)का लागि जग्गा प्राप्ति ऐन २०३४ को दफा ३ र ४ बमोजिम जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही गर्ने अधिकारी तोक्ने निर्णय गरिएको छ।

३. गैरकानूनी रुपमा लामो समयसम्म नेपालमा बसोबास गरिरहेका ४ जना इजिप्टका नागरिकहरुको भिसा दस्तुर तथा विलम्ब शुल्क ४६४० अमेरिकी डलर र अधिकतम जरिवाना दुई लाख रुपैयाँसमेत मिनाहा गरी निजहरुलाई नेपालबाट निष्कासन गर्ने निर्णय गरिएको छ।

४. राष्ट्रिय मानव अधिकार आयोगको सिफारिस बमोजिम जगत बहादुर कार्की लगायत १३ जना व्यक्ति तथा परिवारलाई दोहोरो नमर्ने गरी आर्थिक सहायता/क्षतिपूर्तिबापत १२ लाख रुपैयाँ उपलब्ध गराउने निर्णय गरिएको छ।

५. चीन सरकारको सहयोगमा सञ्चालन हुने दोस्रो चरणको चक्रपथ विस्तार परियोजनाका लागि कलंकी-महाराजगञ्ज-धोवीखोला खण्डको सडक सीमा ३१/३१ मीटर कायम गर्न आवश्यक पर्ने जग्गा अधिग्रहण गर्न स्वीकृति प्रदान गरिएको छ।

६. २०७६ माघ २२ देखि २५ गतेसम्म मित्रराष्ट्र भारतको उत्तर प्रदेशस्थित लखनउमा आयोजना हुने ज्ञज्ञतज भ्मष्तष्यल या म्भाभ्हउय क्ष्लमष्ब, द्दण्द्दण मा सहभागी हुन उपरथी रघु भण्डारी र सहसचिव (कानून) यज्ञ प्रसाद भट्टराईलाई स्वीकृति दिने निर्णय गरिएको छ।

७. मन्त्रिपरिषद्को मिति २०७० साउन २४ गतेको बैठकबाट नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रा.लि., नारायणचौर, नक्साल, काठमाडौंलाई माथिल्लो त्रिशुली-१ जलविद्युत आयोजना सञ्चालन गर्न रसुवा जिल्लाको ७९.२७ हेक्टर वन क्षेत्र ३५ वर्षसम्मका लागि प्रयोग गर्न स्वीकृति दिने निर्णय भएकोमा मन्त्रिपरिषद्को मिति २०७४ पुस २८ गतेको निर्णअनुसार मालपोत कार्यालय, रसुवाबाट उक्त वन क्षेत्रमध्ये ११० रोपनी जग्गा मिति २०७४ चैत ३० गते स्वयम्भू पुरानो ध्याङ गुठीको नाममा दर्ता कायम भएकोमा वन ऐन, २०७६ को दफा ७ को उपदफा (२) बमोजिम सो जग्गा दर्ता स्वत: बदर हुने भएकोले सो दर्ता बदर गरी राष्ट्रिय वन क्षेत्र कायम गर्ने र मन्त्रिपरिषद्को मिति २०७० साउन २४ गतेको निर्णयअनुसार नेपाल वाटर एण्ड इनर्जी डेभलपमेन्ट कम्पनी प्रा.लि. नारायण्चौर, नक्साल, काठमाडौंलाई प्रयोग गर्न दिएको ७९.२७ हेक्टर जग्गा सो कम्पनीलाई पूर्ववत रुपमा प्रयोग गर्न स्वीकृति दिने निर्णय गरिएको छ।

८. सांस्कृतिक संस्थानको अध्यक्ष पदमा साविक साब्ला तम्फुला गा.वि.स. वार्ड नं. ४, हाल म्याङलुङ नगरपालिका वडा नं. १० तेह्रथुम निवासी प्रेमनाथ अधिकारीलाई र सांस्कृतिक संस्थानको रिक्त महाप्रबन्धक पदमा सिदिङ्वा गाउँपालिका वडा नं ६, ताप्लेजुङ निवासी अशोक कुमार राईलाई चार वर्षका लागि नियुक्त गर्ने निर्णय गरिएको छ।

९. उपभोक्ता संरक्षण नियमावली, २०७६ स्वीकृत गरिएको छ।

१०. प्रदेश तथा स्थानीय तहमा अन्तर्राष्ट्रिय विकास सहायता परिचालन मापदण्ड, २०७६ स्वीकृत गरिएको छ।

११. एक स्वास्थ्य रणनीति, २०७६ स्वीकृत गरिएको छ।

१२. एकीकृत कानूनी सहायता नीति, २०७६ स्वीकृत गरिएको छ।

१३. स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ स्वीकृत गरिएको छ।

१४. राष्ट्रपति महिला उत्थान जिविकोपार्जन सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७६ स्वीकृत गरिएको छ।

## सरकार...

साथ दिनुपर्ने भनाइ राखे।

गरिबी र विपन्न अवस्थामा रहेका कामदारहरुलाई अनुचित तरीकाले विदेश पठाउने कार्य रोक्नुपर्ने भन्दै मन्त्री यादवले आमा बुबा र नवजात शिशुलाई घरमै छोडेर विदेशमा श्रम बेच्न जाने कामदारको हितलाई सबै पक्षले ध्यानमा राख्नुपर्ने बताए।

मन्त्री यादवले भने, 'वैदेशिक रोजगारीमा जाने कामदारको त्यागको उच्च सम्मान गर्नुपर्छ, उसलाई कुनैपनि प्रकारले कानूनी दाउपेचामा पार्नु भएन। घरमा बुबा, आमा र नवजात शिशुलाई छोडेर परिवार पाल्नकै लागि वैदेशिक रोजगारीमा जानेको जीवन रक्षा कसरी हुन्छ र नेपाल आउने रेमिट्यान्सको सहज आप्रवाह कसरी हुन्छ भन्ने विषयमा मन्त्रालय गहन चिन्तनमा रहेको छ, यस विषयमा सञ्चार क्षेत्रसँग सहकार्य गर्न हामी तयार छौं।'

समृद्ध नेपाल सुखी नेपाली भन्ने वर्तमान सरकारको लक्ष्य रहेको र उक्त लक्ष्य प्राप्तिका लागि आफुले सञ्चार क्षेत्रको रचनात्मक सुझाव र आलोचनालाई सधै स्वागत गर्ने बताए। उनले भने, 'सञ्चार क्षेत्र मन्त्रालयको आँखा र कान हो, हाम्रो कमी कमजोर रहेका छन् भने खुलेर औंल्याइदिनु होला, मन्त्रालयले अन्यथा लिने छैन।'

उनले अगाडि भने, 'यस विषयमा वैदेशिक रोजगार व्यवसायीहरु पनि इमानदार हुनुपर्छ। हामी कसैका केही प्रतिस्पर्धी छैनौं। मन्त्रालय र व्यवसायी प्रतिस्पर्धी होइनन्। प्रेमपूर्ण तरीकाले समन्वय र सद्भावका माध्यमबाट अघि बढौं। नीतिगत समस्या समाधानमा मन्त्रालय उहाँहरुप्रति उदार छ।'

सो अवसरमा मन्त्रालयका सचिव विनोद केसीले मन्त्रालय वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्याहरुलाई पहिचान गरेर त्यसलाई दीर्घकालीन समाधानको पक्षमा रहेको जानकारी दिए। सचिव केसीले मन्त्रालय शुसासन युक्त वैदेशिक रोजगारको पक्षमा रहेको र सुधारका लागि निकट भविश्यमा बृहत अन्तरक्रिया गर्ने योजनामा रहेको बताए।

समाजका अध्यक्ष हरिबहादुर थापाले मन्त्रालय र वैदेशिक रोजगार बोर्डले करोडौं रुपैयाँ लगानी गरेर दिन नसक्ने सुरक्षित, मर्यादित र व्यवस्थित वैदेशिक रोजगारको सूचना सञ्चारकर्मीहरुले नि:शुल्क रुपमा जनस्तरमा पुऱ्याइरहेको भन्दै मन्त्रालयले सञ्चारकर्मीहरुसँग सहकार्य गरेमा सूचना प्रवाह प्रभावकारी हुने धारणा राखे।

त्यस अवसरमा समाजका सल्लाहकार सहित कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुको उपस्थिति रहेको थियो। गत पौष १२ गते काठमाडौंमा सम्पन्न समाजको साधारणसभाले पत्रकार थापाको अध्यक्षतामा नयाँ कार्यसमिति गठन गरेको थियो।

## पत्रकार...

तालिम लगाएतका कार्यक्रम राख्ने जानकारी दिए। वैदेशिक रोजगारीका क्रममा हुने ठगी राक्न कलम चलाउनुपर्ने पत्रकारहरु सधैंभरी जोखिममा रहने भएपनि पीडितका पक्षमा सशक्तताका साथ आवाज उठाउन सुझाव दिए।

समाजका संस्थापक अध्यक्ष रहेका विजनेश टेलिभिजनका संचालक शंभु पोखरेलले संगठन नै बल र आवाज हो भन्ने मान्यताका साथ वैदेशिक रोजगार क्षेत्रमा क्रियाशिल सञ्चारकर्मीहरुको पेशागत हक अधिकार रक्षाका लागि दश वर्षअघि समाज गठन गरिएको जानकारी दिए। समाज २०६६ साल पुस १७ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता भएको हो।

समाजका अध्यक्ष थापाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि विष्टले समाजका सल्लाहकारहरुलाई सम्मानपत्र तथा कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुलाई प्रमाणपत्र प्रदान गरे।

समाजले पूर्व अध्यक्ष तथा मध्यान्ह राष्ट्रिय दैनिकका सम्पादक मदन कुमार श्रेष्ठ, वरिष्ठ पत्रकार कुमार यात्रु, नागरिक दैनिकका वरिष्ठ संवाददाता रुद्र खड्का, जनसवाल दैनिकका सम्पादक तथा समाजका पूर्व उपाध्यक्ष रामजी बगाले, समाजका निवर्तमान सचिव तथा दुनियाको खबर साप्ताहिकका सम्पादक घनश्याम आचार्य, नयाँ पत्रिका दैनिकको मुना कुँवरलाई सल्लाहकारमा मनोनयन गरेको छ। उपाध्यक्ष ईन्द्रलक्ष्मी घिमिरेले स्वागत मन्तव्य राखेको कार्यक्रम संचालन समाजका महासचिव रेशमराज पौडेलले गरेका थिए।

# अनाधिकृतरूपमा पोस्टर टाँसे जरिवाना




**काठमाडौं/मम-** काठमाडौं महानगरपालिकाले अनाधिकृतरूपमा पोस्टर टाँस्नलाई एक लाख ७० हजार रुपैयाँ जरीवाना गर्ने भएको छ। काठमाडौंमा विभिन्न स्थानमा प्रचारप्रसारका लागि अनाधिकृत रुपमा पोस्टर टाँस्दा शहर नै कुरुप देखिने भन्दै महानगरपालिकाले यस्तो अभियान थालेको हो। जसका लागि गत शुक्रबारदेखि होर्डिङबोर्ड, भित्तामा टाँसिएका पर्चा पम्प्लेट, भित्तेलेखन लगायत शहरी दृश्य प्रदूषण हुने प्रचार सामग्री हटाउने काम शुरु गरिएको थियो। विभिन्न स्थानमा नियम विपरीत राखिएको पर्चा र सामग्री हटाउने क्रममा महानगरले कारवाही स्वरुप उक्त रकम असुल गरेको हो। शहरको सौन्दर्य बिगार्नेमा सबैभन्दा बढी तीनकुने, बानेश्वर, पुतली सडक, थापाथलीलगायत स्थानमा बढिरहेको छ।

आगामी एक महिनामा सक्नेगरी हरेक दिन चार टोली खटाएर प्रचार सामग्री हटाउने कार्य गरिरहेको छ। हाल बबरमहल, तीनकुने र कालीमाटी क्षेत्रका ठूला बोर्ड हटाइएको नगर प्रहरी महाशाखा प्रमुख एवं नगर प्रहरी नायब उपरीक्षक धनपति सापकोटाले बताए। उनले भने, 'भित्तेलेखन, खम्बा र भित्तामा टाँसिएका पर्चा, पम्प्लेट, ब्यानरलगायत शहरलाई कुरूप बनाउने सबै सामग्री हटाउँदैछौं, शहरलाई सुन्दर बनाउन होर्डिङ बोर्ड मात्र व्यवस्थापन गरेर पुग्दैन, भित्तेलेखन, पर्चा, पोष्टर, पम्प्लेट सबै हटाउनुपर्छ।' शहरी दृश्य प्रदुषण हटाउन परमादेशको माग गर्दै सर्वोच्च जानुभएका अधिवक्ता पदमबहादुर श्रेष्ठले भने, 'महानगरको रेकर्ड भएका प्रचार सामग्रीलाई विधिअनुसार व्यवस्थापन गर्नुपर्छ, अभिलेखमा नआएका बिजुलीको पोल, भित्ता तथा अन्य सार्वजनिक ठाउँ वा सार्वजनिक ठाउँबाट देखिने ठाउँका सबै प्रकारका प्रचार सामग्री हटाउनुपर्छ।' महानगरले सोमबारबाट तीन टोली बनाएर महानगरभरि नै परिचालन गर्न लागेको छ। 'नेपाल पर्यटन वर्ष २०२०' लाई लक्षित गरेर शहर सुन्दर बनाउने अभियानलाई कामपाले तीव्रता दिएको हो। गत बिहीबार मात्रै गृहमन्त्री रामबहादुर थापाको उपस्थितिमा कामपा प्रमुख विद्यासुन्दर शाक्यसहित बसेको बैठकले सरोकारवाला निकायका अधिकारीबीच शहरी सुन्दरता कायम गर्ने काममा सघाउ पुऱ्याउन सबै पक्षलाई आग्रह गरिएको थियो।

नियमअनुसार सार्वजनिकस्थान, छिमेकीलाई असर पर्ने गरी, घरको छत र झ्याल ढोका छोपेर विज्ञापन राख्न पाइदैन। यी नियमलाई आधार मान्ने हो भने उपत्यकामा राखिएका अधिकांश प्रचार सामग्री नियम बाहिर हुन्छ।

# सांसद शाहविरुद्ध ज्यान मार्ने मुद्दा

**मध्यान्ह संवाददाता**
कपिलवस्तु, १७ पुस



कपिलवस्तु क्षेत्र नम्बर-३ का सांसद अभिषेक प्रताप शाहविरुद्ध ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता भएको छ। तर, अदालतबाट पक्राउ गर्ने अनुमति लिन बाँकी रहेको प्रहरीले जनाएको छ। ज्यान मार्ने उद्योग अन्तर्गत शाहविरुद्ध जाहेरी परेसँगै बिहीबार मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय कपिलबस्तुका डीएसपी सुनिल मल्लले जानकारी दिए।

सांसद शाहविरुद्ध कपिलबस्तुको कृष्णनगर नगरपालिका-३ का भोजपुरी अभिनेता श्याम मिश्रले जाहेरी दिएका थिए। पुस ५ गते आफ्नै घरमा बोलाएर मराशन्न हुनेगरी कुटपिट गरेको भन्दै मिश्राले पुस ६ गते प्रहरीमा जाहेरी दिएका थिए। तर, जाहेरी अहिलेसम्म दर्ता हुन सकेको थिएन्।

ज्यानमार्ने उद्देश्यले कुटपिट गरेको भन्दै सांसद शाहविरुद्ध कारबाहीका लागि उजुरी दर्ता हुनुपर्ने मागसहित स्थानीयले आन्दोलन गर्दै आएका थिए। शुक्रबार अदालतबाट अनुमति लिएसँगै शाहलाई पक्राउ पर्ने बाटो खुल्नेछ।

उनले गएको स्थानीय तहको निर्वाचनमा आफ्ना काकाविरुद्ध उम्मेदवारी दिएर हराएको आरोपमा मिश्रालाई कुटपिट गरेका थिए। मिश्रले उम्मेदवारी दिएपछि सांसद शाहका काका स्थानीय चुनावमा पराजित भएका थिए।

शाहले राप्रपाका जिल्ला नेता समेत रहेका भोजपुरी फिल्म अभिनेता मिश्रालाई आफ्ना ड्राइभरमार्फत घरमा बोलाएर कुटपिट गरेका थिए। कुटपिटपछि गाडीमा राखेर बीच सडकमा लगेर छाडेका थिए। गम्भीर अवस्थामा रहेको मिश्रा उपचारपछि घर फर्किएका छन्।

कुटपिटपछि शाहले मुखमा क्सी हालेर पेस्तोल ताक्दै तेरो ज्यान लिन सक्छु भनेको मिश्राको भनाई छ।

# हत्याका अभियुक्तलाई एघार वर्ष कैद




**दमौली/मस-**तनहुँमा हत्या अभियोग लागेका तीन जनालाई ११ वर्ष कैद सजाय तोकिएको छ। जिल्लाको भानु नगरपालिका-९ निवासी २६ वर्षीय राजु विकको हत्या अभियोगमा जिल्ला कारागार तनहुँमा थुनामा उनीहरुलाई बिहीबार फैसला सुनाइएको हो।

जिल्ला न्यायाधीश वासुदेव पौडेलको इजलासले अभियुक्तहरु लमजुङ दूधपोखरी गाउँपालिका-२ स्थायी घर भई भानु नगरपालिका-९ बस्ने २८ वर्षीया मनकुमारी कामी, लमजुङ दूधपोखरी गाउँपालिका-३ स्थायी घर भई भाँनु नगरपालिका-९ बस्ने ३५ वर्षीया मनमाया कामी र दोर्दी गाउँपालिका-३ लामागाउँ घर भई सोही ठाउँ बस्ने २४ वर्षीय आयुष विक भन्ने बुद्धिबहादुर कामीलाई जिल्ला अदालत तनहुँले बुधबार उक्त फैसला गरेको जिल्ला अदालतका स्रेस्तेदार सुदर्शन खनालले बताए।

यस्तै, अभियुक्तलाई जनही रु एक लाख १० हजारका दरले जरिवाना गर्ने निर्णयसमेत भएको छ। सोही घटनामा संलग्न रहेका धनबहादुर कामी र मनकुमार कामी भने फरार छन्। हत्यामा संलग्न रहेका मनकुमारी र मनमाया दिदी र आयुष मृतक राजुका भाई हुन्। उनीहरुले राजुलाई चिर्पटले टाउकामा हानी डोरीले घाँटीमा कसेर हत्या गरेको प्रहरीको अनुसन्धानमा खुलेको थियो।

प्रहरीले अभियुक्तलाई विसं २०७५ माघ २२ गते पक्राउ गरेको थियो। अभियुक्तले राजुको हत्या गरी भानु नगरपालिका-९ काउरेटारको इनारमा फालेका थिए। स्थानीय रामप्रसाद हड्खलेको बारीमा सिँचाइका लागि खनेको इनारभित्र मृतकको शव दुर्गन्धित अवस्थामा फेला परेपछि प्रहरीलाई खबर गरेका थिए। अभियुक्त सबै फागुन १६ गतेदेखि पुर्पक्षका लागि थुनामा गएका थिए।

# भूमि बैंक स्थापना गरिँदै




**वालिङ/मस-** स्याङ्जाको गल्याङ नगरपालिकाले जमिन वर्गीकरण गरेर भूमि बैंक स्थापना गर्ने भएको छ। नगरपालिकाले भू-उपयोग नीतिअनुसार नगरभित्रका ११ वडाका जग्गालाई ११ भागमा वर्गीकरण गर्ने र त्यसैको आधारमा आगामी माघ मसान्तभित्र भूमि बैंक स्थापना गर्ने तयारी भइरहेको गल्याङ नगरप्रमुख भूपराज अधिकारीले बताए।

'सरकारको १५औं योजनामा समावेश गरिएअनुसार नै हामीले सबै वडामा जमिनको वर्गीकरण गर्नेछौं', नगरप्रमुख अधिकारीले भने, 'प्राविधिकसँगको समन्वयमा भूमि वर्गीकरणको काम माघ मसान्तसम्म सक्न वडाध्यक्ष तथा जनप्रतिनिधिलाई सूचना जारी गरिएको छ।'

जग्गा धनीलाई जमिन बाँझो नराख्न आफैले खेती गर्न प्रोत्साहन गर्ने उदेश्यले उक्त कार्यक्रम ल्याउन लागिएको हो। कार्यक्रममा आफैले गर्न नसक्ने जमिन अरुलाई भाडामा दिएर भए पनि जमिन बाँझो नराख्ने नीति अगाडि सारिएको नगरप्रमुख अधिकारीले बताए। 'आफ्नो जमिन बाँझो राख्ने तर अर्कालाई भाडामा दिन दुःख मान्ने प्रवृत्तिको अन्त्य हुन आवश्यक छ', नगरप्रमुख अधिकारीले भने, 'तपाईको आफ्नो जग्गा कुन खेतीका लागि उपयुक्त छ त्यो यकिन गरी सोहीअनुसारको खेती थाल्नुहोस्, जग्गाको अवस्था हेरी जुन सम्भव छ त्यही गर्नुहोस् तर जमिन बाँझो राख्दै नराख्नुहोस्।' जमिन बाँझै हुने अवस्था आएमा नगरपालिकाले बाँझो जमिनको कर बढाउने नीति लिने नगरप्रमुख अधिकारीको भनाइ थियो।

'वैदेशिक रोजगारीका लागि यहाँका युवायुवती बाहिर जाने गरेका छन्', नगरप्रमुख अधिकारीले भन्नुभयो, 'कृषि क्षेत्रलाई प्राथमिकतामा राख्दै वैदेशिक रोजगार र बसाइँसराइलाई निरुत्साहित गर्दै कृषिकै माध्यमबाट भू-उपयोग नीतिको कार्यान्वयन र भूमि बैंक स्थापनाको विकल्प गर्नुको छैन।'

नेपालको २७ प्रतिशत जमिन कृषियोग्य भए पनि भूमि बैंकको अभावका कारण कार्यान्वयनमा कठिनाइ रहेको मालपोत कार्यालय वालिङका प्रमुख हरिबहादुर भुजेलले बताए। नेपालको जनगणना २०६८ अनुसार देशको ७४ प्रतिशत जनसंख्या कृषिमा आत्मनिर्भर भए पनि ५३ प्रतिशत जनतासंग आधा हेक्टरभन्दा थोरै जमिन भएको मालपोत अधिकृत भुजेलले बताए।

भूमि बैंक स्थापनले सामूहिक वा व्यक्तिगतरुपमा व्यवसाय गर्न खोज्नेका लागि जमिनको अभाव नहुने गल्याङ नगरपालिका- १ का वडाध्यक्ष एवं नगर प्रवक्ता गणेश बस्यालले बताए। ठाउँअनुसार जमिनको वर्गीकरण हुन आवश्यक रहेको प्रवक्ता बस्यालको भनाइ थियो।

# एसपी मल्ललाई १२ घण्टाभित्र चितवन छाड्न निर्देशन

**मध्यान्ह संवाददाता**
चितवन, १७ पुस



चितवनका प्रहरी उपरीक्षक (एसपी) दानबहादुर मल्ललाई १२ घण्टाभित्र जिल्ला छाड्न निर्देशन दिएको छ। ३ नम्बर प्रदेश प्रहरी कार्यालयले एसपी मल्ललाई १२ घण्टाभित्र सरुवा भएको कार्यस्थलमा हाजिर हुन दिर्नेशन दिएको हो।

प्रहरी कार्यालय हेटौंडाले पठाएको पत्रमा भनिएको छ 'हालसम्म पनि सरुवा भएको दरवन्दीमा रवाना गरेको जानकारी नआएकाले प्रनाउलाई कार्यालयको सम्पूर्ण चार्ज बुझाई १२ घण्टाभित्र तोकिएको रवाना गरी जानकारी दिन निर्देशानुसार अनुरोध।'

एसपी मल्लले सरुवा भएको १३ दिनसम्म जिल्ला नछाडेपछि प्रहरी प्रधान कार्यालयले प्रदेश प्रहरी मार्फत यस्तो निर्देशन दिएको हो। उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सरुवा गरेको थियो।

उनको स्थानमा एसपी गंगा पन्तलाई पठाइएको छ। प्रहरी प्रधान कार्यालयले पुस ४ गते एसपी मल्लसहित २४ एसपीको सरूवा गरेको थियो।

एसपी मल्ल यसअघि पूर्वप्रधानमन्त्री तथा नेकपाका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको सुरक्षा प्रमुख थिए। मल्लले राजनीतिक संरक्षणको आडमा माथिल्लो तहको निर्देशन यसअघि पनि पटक-पटक अवेज्ञा गर्दै आएका थिए।

# 'प्राविधिक शिक्षामा लगानीको वातावरण बन्छ'



**हेटौडा/मस-** प्रदेश नम्बर-३ का मुख्यमन्त्री डोरमणि पौडेलले प्राविधिक शिक्षामा लगानीको वतावरण बनाउने स्पष्ट पारेका छन्।

मुलुकको समृद्धिका लागि कसमेत प्राविधिक शिक्षा नै प्रमुख आधार भएकाले यसमा आफुले विषेश ध्यान दिने उनले बताए।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम केन्द्र प्रदेश नं- ३ द्वारा बिहीबार आयोजित एक कार्यक्रममा बोल्दै उनले परिणाममुखी शिक्षाको लागि विद्यालयले पढाइलाई भन्दा सिकाइमा जोड दिनुपर्ने बताए।

उनले भने,'पढाइ र सिकाइ फरक/फरक कुरा हो। पढाइले व्यावसायिक बनाउँदैन तर सिकाइले व्यावसायिक बनाउँछ। आफ्ना विद्यार्थीलाई पढाउने होइन सिकाउनुस्।'

कार्यक्रममा प्राविधिक शिक्षा तथा व्यावसायिक तालीमकेन्द्र परिषद्का सदस्य सचिव डा. पुष्परमण वाग्लेले हालसम्म १३ वटा जिल्लामा एक सयवटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा अध्ययन भइरहेको बताए।

तालिमको सुवर्ण अवसर
Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने।
हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori
तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ। मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ।
HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

होटल तालिम!
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ।
Get your skill for your future carrier



✓ HK
Cleaners/House Keeping/ Laundry man, Room boy
✓ KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook
✓ F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.
✓ FRONT DESK, RECEPTION
रोजगारी पनि भविष्य पनि
■ स्वदेशमै होस कि विदेशमा
■ स्वरोजगार वा वैदेशिक रोजगार
■ तपाई सीप सिक्नुहोस्
■ अवसर र उपाय हामी खोजी दिन्छौं।
NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu ☎ 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस्।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# प्रतिनिधित्वको प्रश्न

२०७२ असोज ३ गते संविधानसभाबाट जारी नेपालको संविधान कार्यान्वयनका लागि आवश्यक पर्ने कानूनहरू २०७४ फागुनभित्रै बनाइ सक्नुपर्ने थियो । तर, बनेनन् । संवैधानिक प्रावधान मिचेर अगाडि बढ्नमा राष्ट्रिय दलहरूबीच राष्ट्रिय सहमति नै कायम भयो । त्यसै पनि कतिपय गलत काममा देशमा राष्ट्रिय कायम गर्न अप्ठ्यारो नमान्ने प्रवृत्तिको विकास भएको आरोप नेपाली राजनीतिमाथि लाग्दै आएको छ । संविधान कार्यान्वयन गर्न आवश्यक कानून निर्माण विलम्ब हुने अवस्था र त्यसबाट बच्ने कुरामा पनि राष्ट्रिय सहमति कायम भयो ।

बेलैमा कानून निर्माण नहुनुमा दलहरूले अडान नछोड्नु नै थियो । यसको सबैभन्दा बढी मार प्रदेश र स्थानीय सरकारलाई पर्यो । किनभने, पहिलो पटक संघीयता अपनाइएकाले तदनुकुलको कानून नहुँदा उनीहरूले कामै गर्न सकेनन् । देशमा संघ, प्रदेश र स्थानीय गरी ७६१ सरकार थियो । तर, काम भने लामो समयसम्म संघीय सरकार बाहेक अरूले खासै गर्नै सकेनन् । बल्लतल्ल प्रदेश र प्रदेश सरकारले थोरै चल्मलाउने अवसर पाएका छन् । किनकी दैनिक कामकार्बाहीकै लागि नभई नहुने कानून बनिसकेको छ । तर, बन्नुपर्ने सबै कानून बनिसकेको छैन ।

अर्को उदेकलाग्दो तथ्य चाहिं नेपाल कम्युनिष्ट पार्टीसँग कानून पारित गर्न मात्रै नभएर आवश्यक पर्दा संविधान संशोधन गर्न नै आवश्यक पर्ने संख्यामा सांसद हुँदा पनि संसद बैठकले नियमित विजनेस नपाउनु हो । यो वर्षको हिउँदे अधिवेशन हेर्दा पनि त्यो पुष्टि हुन्छ । किनभने, पुस ४ गते राष्ट्रपति विद्यादेवी भण्डारीले अधिवेशन चलाउन पत्र पठाइसक्दा पनि बैठक बस्न सकेको छैन । बैठक शुरू भएको सूचना पढेर पुस ४ गते स्थगित भएको बैठक लगातार तीन पटक स्थगित भइसकेको छ । पुस ११ र पुस १६ गतेको बैठक बस्दै नबसी संसद सचिवालयको भित्तामा सूचना टाँसेर स्थगित गरियो । अहिले पुस २७ गतेसम्मलाई बैठक स्थगित भएकाले सांसदहरू शून्य अवस्थामा छन् ।

यसपटक अन्तर दलीय समस्याका कारण नभएर सत्तारूढभित्रै कसलाई सभामुख बनाउने भन्ने विषयले संसद अवरूद्ध छ । जबकी प्रतिनिधिसभा भनेको जनताको दिनहुँका समस्याबारे सरकारलाई अवगत गराउने र देश चलाउन आवश्यक कानून बनाइने स्थल हो । यो समस्याको जड पनि सत्तारूढ भित्रका पनि सीमित नेताका कारण भइरहेको छ । यी तथ्यहरूले के प्रमाणित गर्छ भने प्रतिनिधिसभा जनताका समस्याहरूमाथि बिमर्श र उनीहरूको चाहनामा भन्दा पनि सीमित नेताहरूको मनोमानीमा चलिरहेको छ । संविधान बनेको चार वर्ष यताका गतिविधिले त्यसलाई प्रष्ट पार्छ । विशेषगरी नेकपाका शीर्ष नेतृत्वले बुझ्नुपर्छ– संसद जनताको प्रतिनिधिस्थल बनेन् भने उनीहरूले नयाँ विकल्प रोज्न सक्छन् ।

## सामाजिक सञ्जाल



नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले आमनिर्वाचन जितेको हो ! तर कम्युनिस्ट व्यवस्थाले जितेको होईन ‼ आफूसमेत भएर बनाएको 'लोकतांत्रिक संविधान' अन्तर्गत निर्वाचन जितेपछि सोही अनुरूप शासन चलाउने होइन र ? चीन र उत्तर कोरियामा झैं पार्टी सचिवालयले प्रदेश केन्द्र र नामबारे किन हस्तक्षेप ??

-मधु आचार्य



शक्तिशाली मुलुकका राजदूतहरू ईन्डो प्यासिफिक र बाआरआईमाथी माथापच्चि गर्न छोडेर नेपालको पर्यटन प्रबर्द्दनका लागी फोटो सेसनमा उत्रनु भनको ओली सरकारको नागरिक कूटनीति सफलतातर्फ उन्मुख देखाउछ तर हाम्रो कारणले हैन उनीहरूको आफ्नै प्रतिस्पर्धाका कारणले ।

– अनिल गिरी



कांग्रेस कमसेकम जनदबाबलाई ख्याल गर्छ भन्ने प्रमाणित भएको छ । अब सत्ता पक्षकाले पनि आफू निकटका मिल मालिक जोगाउन तानाबाना बुन्ने र मिल मालिक भागे भन्ने बहाना बनाउने काम नगरून् !

– प्रकाश चन्द्र गजुरेल



गाली बेइज्जती र मानहानी सम्बन्धी कानून अहिने नै संहितामा रहेकै बेला सरकारले गठन गर्ने सूचना प्रविधि अदालत र नियुक्त गर्ने 'न्यायाधीश' हुने अदालतमा मुद्दा चलाउन खोजिएकोमा हो ।

– मनोज सत्याल



पूर्वएमाले र पूर्वमाओवादी भन्ने कुण्ठा पालेर संसदलाई यसरी नेतृत्वविहीन र बन्धक बनाइराख्ने 'रहर' महंगो पर्ला है, सरहरू !

– रामेश्वर बोहरा

# अत्यावश्यक तर जनपीडादायी निकाय



■ सुदर्शन आचार्य

> "सरकारी कर्मचारीलाई राज्यले काममा लगाएर उनीहरूको घरपरिवारको जिम्मा पनि सरकारले नै लिइदिने कानुनको आवश्यकता परेको महसुस भएको छ । विकासको अलिकता भए पनि संकेत देखाउने हो भने नेपालीलाई बिहान–दिउँसो र बेलुकासम्म सारा काम छोडेर लाइनमा राख्ने प्रथाको अन्त्य हुनु जरूरी देखिन्छ ।

सरकारमा रहने स्थायी वा राजनीतिक नियुक्ति पाएका जो-कोही सरकारी नुन खाएका व्यक्तिले जनतालाई अन्याय गर्दै आइरहेको इतिहास विगतदेखि वर्तमानसम्म अद्यावधिक छँदै छ। जुनसुकै अड्डामा जाँदा पनि राजा र रैतीका रूपमा व्यवहार गरिरहेको पाइन्छ । सुधारका निर्देशन आइ नै रहेका हुन्छन, तर पनि डुंगा तर्दैछ पाइला मेट्दैछ भनेझैं भएको छ । सरकार नीतिनियमहरू बनाउँदै जान्छ, कार्यान्वयनको जिम्मा पाएको स्थायी सरकार भन्न रुचाउनेहरूले आफैंले नियमको पालना नगर्दा पनि कसैले उनीहरूमाथि कारबाही गर्न आँट गरिरहेको हुन्न । सानादेखि ठूला भन्ने अड्डाहरूमा हुने ढिलासुस्तीलाई कसैले पनि उजुरीको विषय बनाउन सकेको छैन । उजुरी र विरोध गरिहाले उनीहरू सबैको आँखामा बिझाउने कसिंगर बन्छन् । संस्कार र सभ्यता सिकाउन खोज्नेले पहिले आफैंबाट सुरु गर्नुपर्छ भन्ने आख्यानलाई बिर्सिदिन्छन् । यस्ता समस्या समाधानका लागि आवाज उठाउने हो भने वा सेवाग्राहीले अधिकार खोज्दा कर्मचारीले आफूलाई अपमान गरेको महसुस गरी उल्टै सेवाग्राहीमाथि नै जाइलाग्ने चलन छ । यो अख्तियार दुरुपयोगको महामारी निजी स्तरका कम्पनीमा पनि एउटा रोगका रूपमा सरेको देखिन्छ ।

प्राइभेट कम्पनी खुलाएर सम्बन्धित निकायसँग सीवकृति लिएर सञ्चालनमा रहेको भए तापनि सुरु-सुरुमा कामको गतिलाई तीव्र र स्वस्थकर बनाएर विश्वास बटुल्न सफल बन्छन् । जब आफू मजबुत बन्छन् अनि सरकारी संयन्त्रझैं ढिलासुस्तीको जग बस्न सुरु भइहाल्छ । साथीभाइको हातेमालो र खुसामतलाई नै प्रमुख रूपमा प्राथमिकता दिने चलनले राज्यका हरेक अंगमा भ्रष्टाचारको गन्ध मन्दमन्द गतिमा चलेर कहींकहीं त अत्यन्त दुर्घन्धित नै भएर गन्हाउन थालिसकेको पाइन्छ । त्यही गन्ध हाल आएर महामारीको रूप धारण गरी कोही-कोही भने बाध्यले पनि अँध्यारो परिधिमा कोचिएर बस्न विवश छन् ।

प्राथमिक तहमा जे स्कुलिङ गरिन्छ अति उच्च शिक्षामा समेत त्यसको प्रभाव परि नै रहेको हुन्छ । नागरिकलाई रैति र कर्मचारीलाई मालिक मान्ने यो उल्टो चलनलाई सरकारले गम्भीरतापूर्वक लिन सकेको छैन । जनप्रतिनिधिलाई आँखामा छारो हालेर गरिने कर्मचारीको त्रुटिले समाज र देशलाई आक्रान्त पारिरहेको छ । नीति र नियम बनाएर कार्यान्वयन गरे/नगरेको अनुगमन गर्ने शक्ति नभएर पनि मात्तिएको साँढेझैं भएका छन् । दोष अरूलाई थोपर्न र पदक, मान, सम्मान आफूमा सार्न पद ओगटेर बसेका कर्मचारीहरूमा अरूलाई अपमान गर्दै आफूलाई आदर्शवान् बन्ने एक नशा नै लागेजस्तो देखिन्छ ।

देश विकासमा देखिएको ढिलासुस्ती र जनताप्रति देखाउन नसकेको सद्भावले गणतन्त्रमा नै प्रश्न उठ्ने गरेको छ । सच्चिनुपर्ने ठूलादेखि हो तर सानाबाट सच्चिए पनि हुने हो भन्दाभन्दै केवल आफन्तको बचाउ गर्दागर्दै जनप्रतिनिधिको समय अन्त्य भएको हुन्छ । स-साना कामले जनताबीच प्रत्यक्ष लाभको महसुस गराउन सकिने सिद्धान्तको महसुस हुँदाहुँदै पनि अघिल्लो पालाको संस्कारले परिवर्तन हुन सकिरहेको देखिन्न । तिनै आमजनताका काम नगरिदिनाले वा ढिलासुस्ती गरिदिनाले सरकारको लोकप्रियतामा आँच आइरहेको हुन्छ । त्यस्ता विषयवस्तु हरेक निकायमा देखिएका छन् । सानातिना सामान चोरी गर्नेले भोलि ठूला-ठूला सामान चोरी नगर्ला भन्न सकिन्न भनेजस्तै ग्रामीण निकायमा काम गर्दै आएका जिम्मेवार निकायले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा व्यक्तिगत लाभ लिएको छ भने त्यहींबाट भ्रष्टाचार र ढिलासुस्तीको सुरुवात मान्न सकिन्छ ।

बाहिरी र चल्तीका ठाउँमा सडक रातारात पिच गरेर सरकारका जिम्मेवार व्यक्तिको आँखामा छारो हालेजस्तै गाउँगाउँमा विकासको गफ गएका छन् तर काम भने प्रायः शून्य नै छ । सहरमा झिलिमिली भएर मात्र विकास ठाने त के भन्नु तर गाउँघरमा भने बिजुलीबत्ती छिनछिनमा गइराख्ने कारण सम्बन्धित निकायले मतलबै नगरेको ग्राहकहरूको दाबी सुन्नमा आउँछ । कहीं पोल ढलेर करेन्ट लाग्दा नागरिकले जीवन आहुती दिनुपरेको छ भने बत्ती आउने-जाने गरिरहनाले हुने विद्युतिय उपकरणको क्षतिको जिम्मेवार को रहने, यसको सूचना जनसमक्ष सरकारले दिएको छैन । सडक कैयौं दिन भ्वाङ पर्दा पनि सडक विभागले देख्दैन र देखिहाले पनि टेन्डर गरेर आफ्नो बलियो कमिसन आउने निकायले जिम्मा नलिएसम्म पुनर्निर्माणका लागि रकमको निकासा गर्न रुचाउँदैन ।

सरकारी काम भनेपछि हाम्रो सम्पत्तिहो र यसको रखबारी हामीले नै गर्नुपर्छ भन्ने कर्मचारीहरूको अभाव खड्किएजस्तै लाग्छ । राज्यले आत्मनिर्भर बनाउन नसकेर पनि कर्मचारीमा सुस्तपन मौलाएको हुन पनि सक्छ । सरकारी कर्मचारीलाई राज्यले काममा लगाएर उनीहरूको घरपरिवारको जिम्मा पनि सरकारले नै लिइदिने कानुनको आवश्यकता परेको महसुस भएको छ । विकासको अलिकता भए पनि संकेत देखाउने हो भने नेपालीलाई बिहान-दिउँसो र बेलुकासम्म सारा काम छोडेर लाइनमा राख्ने प्रथाको अन्त्य हुनु जरुरी देखिन्छ । यसको सुरुवात यातायात क्षेत्रबाटै भए जनताले प्रत्यक्ष राहत पाउनेछन् । सास्ती जति खेपेका छन् भने त्यो यातायात क्षेत्रबाट नै हो भन्दा केही फरक पर्ने देखिँदैन । विद्यार्थीलाई सहुलियत भाडादरमा लैजान केही गाडीको किचकिच, वृद्ध-वृद्धालाई एक रुपैयाँ पनि नपुग भए गाडीबाटै बीच बाटोमा झारेर जथाभावी गाली-बेइज्जती हुनुपर्ने, ४ किमिबराबर रु. १४।- सरकारले तोकेको भाडादर भए पनि १,२,३,४ कि.मि. जति यात्रा गरेर झर्दा रु. १५।- दिनुपर्ने, फिर्ता माग्दा चानचुन पैसा हुँदैन ।

ट्याक्सी चढ्नासाथ रु. १४।- तिर्नुपर्ने यो कस्तो नियम बनेको छ, कसैले ठम्याउन सकेको छैन । ट्याक्सीमा किन सिन्डिकेट कायम गराइएको छ, कसैलाई थाहा छैन । खुला रूपमा ट्याक्सीको नयाँ दर्ता खुलाइदिने हो भने प्रतिस्पर्धापश्चात् मात्र भाडादरमा कमी भइ गन्हाउने र थोत्रो ट्याक्सीमा यात्रा गर्नुपर्ने स्थितिको अन्त्य हुने थियो कि भन्ने सर्वसाधारणको गुनासोको सुनवाइ सरकारले कहिल्यै सुन्न सकेन । कि ट्याक्सीमा पैसा हुनेले मात्र चढ अन्यथा सर्वसाधारणका लागि होइन भनेर ठाउँठाउँमा होर्डिङ बोर्ड सरकारले नै लगाउनुपर्छ ।

नागरिकले बुझ्न नसकेको र सरकारले यस विषयमा जवाफ नदिएको प्रसंग हो पटके । यात्रुवाहक बसहरूको त लामो तथा छोटो दूरीमा चल्ने गरी रुट कायम गरिएको हुन्छ । फरक रुटमा जाँदा पटके काटेर विशेष राजस्व तिर्नुपर्छ । तर, ट्याक्सी एउटै अञ्चलमा जाँदा पनि यो केको पटके तिर्नुपर्ने हो ? यो नियम त मल्ल राजाको पालामा बनेको बाइसे-चौबीसे राज्यको अवधारणासँग ठ्याक्कै मेल खाएको छ जस्तो लाग्छ । राज्य विभाजनको स्वरूपको नमुना अझै सरकारले कायम राख्न खोजेको हो या दोहोरो कर असुल्दा पनि जनता चुप लागेर हो, यो विषय अन्योलमै छ । प्रत्येक चार-चार वर्षमा रुट परमिट र सवारी कर बर्सेनि तिर्दा पनि दोस्रो कर किन असुल हुन्छ, यो आवाज व्यवसायीहरूको छ ।

पटके लिँदा पनि नबुझिने अक्षरमा अंक बढाएर पैसा असुल्ने गरेको ट्याक्सी चालकहरूको गुनासो छ । कति किमिबराबर कति रकम भनेर सार्वजनिक स्थानमा सूचना टाँस गरिएको छैन, जसका कारण राति अतिरिक्त समयमा जाने गाडीले अन्योल खेप्नुपरिरहेको कुराको पनि यातायात अधिकारकर्मीको गुनासो रहेको छ । यता २०४८ सालदेखि ७ सय ९६ (८ सय) सिसीको ट्याक्सी सञ्चालनमा आएकोमा हालमात्र आएर सरकारले १२ सय सिसीको मात्र ट्याक्सी दर्ता गर्नु भन्ने निर्देशन पाएर यातायात व्यवस्था विभागले सम्पूर्ण यातायात कार्यालयलाई पत्राचार गरिसकेको छ । अब पुराना तथा २० वर्ष नाघिसकेको र स्क्र्याच गरेर पुरानो नम्बर हाल्न पनि कम्तीमा १२ सय सिसीको गाडी अनिवार्य हुने निर्देशन आएबाट एक कदम सरकारको स्वागतयोग्य काम बनेको छ । अब यससँगसँगै पटके कर प्रदेशपिच्छे लाग्ने र नयाँ ट्याक्सी दर्ता खुला गरिदिने हो भने सरकारको यातायात ट्याक्सी उपभोक्तातर्फको गुनासो पनि कम हुँदै जाने थियो ।

सरकारले थेग्नै नसकेको अर्को समस्या भनेको लाइसेन्सको नवीकरण गर्न नसकेको समस्या हो । सरकारी नियमले जनतालाई ९० दिनभन्दा १ दिन मात्र बढी म्याद नाघे पनि सेवाग्राहीसँग झ्याप्प जरिवाना लिने तर लाइसेन्स बनाउन भनेर असुलेको पैसाले १ वर्षभन्दा बढी नाघे पनि लाइसेन्स नदिँदा जनतालाई ढिलासुस्तीको क्षतिपूर्ति दिनु नपर्ने ?

सम्बन्धित निकायमा लाइसेन्स आए-नआएको सोध्न जाँदा पनि हान्ने साँढेले जस्तो अनुहार लाएर हप्काउने प्रणालीले सेवाग्राही आजित भइसकेको कुरा यातायात कार्यालय परिसरमा जानासाथ देखिने गरेको छ । योभन्दा त बरु पहिलेकै प्रणालीले लाइसेन्स पाए खुसी हुने जनगुनासो आउन थालेकाले घाँटी हेरी हाड निल्नु भनेजस्तै आफ्नो काबुभन्दा बाहिरको कामको लोभ देखाएर जनताको पैसा असुल्नु व्यावहारिक हुन्न कि ? यहाँ सरकारले जनतालाई कानुनी राज सिकाउला भन्दाभन्दै जनताले नै सिकाइदिनुपर्ने अवस्था आएकाले जनता ठूला कि सरकार ठूलो त भन्ने विषयको जनमत राख्नुपर्ने अवस्था आमसेवाग्राहीको आएको छ ।

# तीव्र सहरीकरणले लोप हुँदै गाईपालन

## वनजंगल र चराचुरूङ्गीको त कुरै नगरौं, निकट भविष्यमा यी सब लोप हुने अवस्थामा पुगिसकेका छन् ।



गोविन्द चापागाईं

पहिले राजधानीको जनसंख्या अत्यन्तै न्यून थियो । खेतीयोग्य जमिनहरू प्रशस्तै थिए । सबैतिर हरियाली उर्वर भूमिहरू देखिन्थे । चारैतिर मनमोहक पहाडहरूको दृश्य र चाँदीजस्तो टल्कने सेता हिमालहरूले त झन राजधानीको स्वरूप नै परिवर्तन भएको थियो । प्राकृतिक स्वरूपको परिवर्तनले राजधानीलाई झनै सुन्दर तुल्याएको अवस्था देखिन्थ्यो भने नदीनाला, रूख, पहाडका फेदीबाट निस्कने पानीका मुहान र ती गाउँबस्तीमा सुनिने कलकलाहटले त झनै आनन्दित तुल्याउँथ्यो ।

त्यतिबेला प्रत्येक राजधानीवासीको घरघरमा गाईपालन हुन्थ्यो भने आयस्रोत पनि राम्रै थियो । त्यति बेलाको आयस्रोत भनेकै विशेष बालीबाट उत्पादन भएका खाद्यान्न तथा गाईवस्तुबाट उत्पादित दूध-दही हुन्थ्यो । विभिन्न पेसागत रूपमा श्रम गरी आय आर्जन गर्थे । जीवनयापन पनि राम्रै थियो ।

तर, पछिल्लो समय राजधानी कङ्क्रिटै कङ्क्रिटले भरिएको छ । राजधानीको हरेक ठाउँ विकासका पूर्वाधारले भरिपूर्ण भएको छ । जनसंख्या वृद्धिले गर्दा जथाभावी जमिन मासी बस्ती बसिरहेको देखिन्छ । वनजंगल र चराचुरुङ्गीको त कुरै नगरौं, अब त झन् निकट भविष्यमा यी सब लोप हुने अवस्थामा पुगिसकेका छन् ।

अहिले राजधानीको ग्रामीण भेगमा कहीं-कतै मात्र गाई पालेको देखिन्छ । सहरी क्षेत्रमा भने झन् कहीँ पनि गाई पालेको देखिँदैन । बरु सबैका घरघरमा महँगा-महँगा कुकुर मात्र पालेका देखिन्छन् ।

अहिले राजधानीको वातावरण पूरै प्रदूषित भएको अवस्था छ । ढल निकासको व्यवस्था नहुँदा फोहोरहरू सीधै नदीमा मिसिरहेको अवस्था छ । बाग्मती त्यसै प्रदूषित छ, मनोहरा र धोबीखोलाको अवस्था पनि उस्तै छ । राजधानीमा धूलो-धूवाँले गर्ने प्रदूषण, कलकारखानाबाट निस्कने धूलो-धूवाँलगायतले गर्दा राजधानीको सौन्दर्यमाथि नै प्रश्न गर्ने बेला आएको छ । यो सबै तीव्र जनसंख्या वृद्धि र अव्यवस्थित सहरीकरणले हुने विज्ञहरू बताउँछन् ।

निकट भविस्यमा यसको समाधान नहुने हो भने यसले राजधानीको वातावरणीय पर्यावरणमा नराम्रो असर पुग्ने देखिन्छ । कहाँ गए ती सफा, हराभरा जमिनहरू ? कहाँ गए ती सफा नदीहरू ? कहाँ गए ती विभिन्न थरीका चरा-चुरुङ्गीहरू ? कहाँ गए ती हराभरा वनजंगलहरू ? अब यी सबै सम्झनामा मात्र सीमित हुने भए ।



असम्भव भन्ने कुरा केही छैन । गरे के हुँदैन । अहिले महानगरपालिकाले पनि वातावरण पर्यावरणलाई हराभरा बनाउन प्रत्येक घरघरमा एक घर एक रूख हुनुपर्ने प्रावधान निकालेको छ । स्वच्छ वातावरणमैत्री पार्क निर्माण भइरहेका छन् । विभिन्न ठाउँमा नदी सफाइ योजनाहरू तदारुकताको साथ अगाडि बढिरहेको छ । उदाहरणका लागि बाग्मतीको छेउमा करिडोर निर्माण भई वृक्षारोपण कार्य भएको छ भने धोबीखोलामा पनि करिडोर निर्माण भई खोलाको दायाँ-बायाँ रूखबिरुवा रोपिएका छन् । धेरै ठाउँमा महानगरपालिका राजधानीलाई सौन्दर्ययुक्त बनाउन विभिन्न योजनाबद्ध तरिकाले अगाडि बढिरहेको अवस्था छ ।

तर आजभोलि तीव्र जनसंख्या वृद्धि र आधुनिक सहरीकरणको चापले पहिलेको तुलनामा चाहीँ राजधानीमा गाईपालनमा भने निकै कमी आएको देखिन्छ । अझै यो अवस्था लम्बिने हो भने निकट भविष्यमा राजधानीमा गाईपालन नै लोप होला भन्न सकिन्न ।


### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने् छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com

# उच्च हिमाली क्षेत्रमा हिमपात

**काठमाडौं/मस-** शुक्रबार देशभर सामान्य बदली रहि उच्च पहाडी तथा हिमालि भू-भागमा मध्यमदेखि भारी हिमपात र पहाडी तथा तराईका केहि स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको मौसम पूवार्नुमान महाशाखाले जनाएको छ।

महाशाखाका अनुसार नेपालमा पश्चिमी न्यून चापिय प्रणालीको प्रभावका कारण मौसममा बदलि भएको हो।

महाशाखाका अनुसार शुक्रबार राति देशभर सामान्य बदली रहि उच्च पहाडी तथा हिमाली-भू-भागमा मध्यम देखि भारी हिमपात र पहाडि तथा तराईका केहि स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ।

यस्तै शनिबार दिउँसो देशभर सामान्य बदली रहि उच्च पहाडि तथा हिमाली भू-भागमा हल्कादेखि मध्यम हिमपात र पहाडि तथा तराईका थोरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ।

शनिबार राति देशभर सामान्य बदली रहि उच्च पहाडि तथा हिमाली भू-भागमा मध्यम देखि भारी हिमपात र पहाडी तथा तराईका थोरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ।

मौसम बदलिसँगै वर्षा र हिमपातको सम्भावना रहेको र चिसो रही रहने हुनाले सतर्कता अपनाउन अनुरोध छ।



उच्च हिमाली क्षेत्रमा हिमपात

कर्णाली र सुदूरपश्चिमका उच्च हिमाली क्षेत्रमा हिमपात भएको छ। बिहीबार मौसममा आएको परिवर्तनसँगै उक्त प्रदेशका उच्च लेकाली भेगमा हिमपात भएको हो।

मौसम परिवतएनले बैतडीका उच्च लेकाली भेगहरु खोड्पे, श्रीभावर, ढोल्यामोड, सिगासधुरा लगायतका क्षेत्रमा बिहीबार पुनः हिमपात भएको छ। यसवर्ष मंसिरको अन्तिम साता पहिलोपटक हिमपात भएको थियो।

उच्च क्षेत्रमा हिमपात भएको स्थानीय बासिन्दाले जनाएका छन्। हिमपातका कारण बढेको चिसोले जनजीवन प्रभावित भएको खोड्पेका स्थानीय मोहन विष्टको भनाई छ। हिमपातले बाहिर निस्कनपनि मुस्कील भएको सुर्नया-८ का वीरबहादुर बोहराले बताए। हिमपातले चिसो बढेसँगै बस्तुभाउ स्याहारमा समेत समस्या भएको स्थानीयले बताएका छन्। सिँचाइ नभएका क्षेत्रमा वर्षा र हिमपातले सिँचाइको काम गर्ने भएकाले किसान खुशी भएका छन्। हिमपातले विभिन्न रोगकीरासमेत नष्ट हुने कृषि ज्ञान केन्द्रका निमित्त प्रमुख कर्णबहादुर चन्दले बताए।

प्रमुख जिल्ला अधिकारी आनन्द पौडेलले लेकाली भेगका ठाँउमा चिसोबाट बच्न सतर्कता अपनाउन सूचना जारी गरी र औषधि आपूर्तिका लागि स्थानीय तहलाई निर्देशन दिइसकेको बताएका छन्।

यसैगरी, त्यस क्षेत्रमा विद्युत् सेवा पनि अवरुद्ध भएको छ। मौसम परिवर्तनसंगै आएको हावाहुरीले बैतडीको खोड्पे क्षेत्रमा लाइनमा समस्या आएको नेपाल विद्युत् प्राधिकरण बैतडीले जनाएको छ। यसैबीच, कर्णाली प्रदेशको जुम्ला जिल्लामा पनि भारी हिमपात भएको छ। यहाँ हिमपात भएपछि किसानहरु खुसी भएका छन् भने जनजीवन कष्टकर बनेको छ।

**मुगुमा दोस्रो पटक हिमपात**

मुगुमा यो वर्ष दोस्रो पटक हिमपात भएको छ। बिहीबारबाट हिमपात हुन थालेको हो। हिमपातसँगै चिसोले मुगु लगायत कर्णालीका जिल्लामा जनजीवन कष्टकर बनेको छ।

बुधबार देखि ह्वात्तै चिसो बढेका कारण कर्णाली प्रदेशका सबै जिल्लाको जनजीवन प्रभावित भएकै बेला मुगुमा भने बिहीबार अपराहन्न बाट छायाँनाथ रारा नगरपालिका मुगुमकामारोङ गाउँपालिका, खत्याड गाउँपालिका र सोरु गाउँपालिकाका उच्च भू-भागमा हिमपात शुरु भएको छ।

# तरकारीखेतीमा रमाउँदै मुसहर

**महोत्तरी/रासस**–महात्तरीको गौशाला नगरपालिकाका किसानहरु तरकारी खेतीमा रमाउन थालेका छन्। तरकारी खेतीबार्ट मनग्गे आम्दानी हुन थालेपछि किसानहरु रमाउन थालेका हुन्। कनगरपालिका वडा नम्बर-८ बेलगाछीका विल्टु सदा अहिले ६५ वर्षका भए। ढल्किदै गरेको उमेर, घट्दै गरेको ताकताका कारण अरुको घरमा नौकरि गर्ने अवस्थामा छैनन्। तर, घर छेउकै बगरखेतमा तरकारी खेती गर्नथालेपछि कबेचेर उनलाई आम्दानी गर्न सहज भएको छ। वर्षौंसम्म अरुको खेतमा ज्याला मजदूरी गरि अभाव र दबावका बीच घरपरिवार चलाउँदै आएकका उनी बुढेसकालमा अुसी हुन थालेका छन्।

उनी भन्छन्, 'गौशाला नगरपालिकाको कार्यालयले सामूहिक तरकारीखेतीका लागि आफूहरुजस्ता सुकुम्बासीलाई जग्गा उपलब्ध गराएपछि ज्याला मजदूरी गर्ने दिनको अन्त्य भएको छ। तरकारी स्थानीय बजारमा बेचेर आम्दानी गर्न सफल भएको छु।'

यसैगरी, स्थानीय रमेश्वरा सदा बगरखेतीकै कारण यस वर्ष चार हजार आम्दानी गर्न सफल भएका छन्। त्यस्तै दुई वर्षअघिसम्म घरकै कामकाजमा सीमित रहेकी ४५ वर्षीया दौनादेवी सदा दिनभरि नै तरकारीलाई स्याहरसुहारमा व्यस्त रहेकी हुन्छिन्। गौशाला नगरपालिकाले भर्लेनी र सोनी खोलाको बगरको खाली जग्गा स्थानीय ६० मुसहर घरपरिवार निःशुल्करुपमा जग्गा उपलब्ध गराएको थियो। सो जग्गामा नमूना बगरखेती गर्न ती समुदाय जुटेका हुन्। रामभरोस महतोले तरकारी खेतीबाट आफूहरुको जीवनशैली परिवर्तनको र आम्दानी समेत बृद्धि भएको बताए। उनले भने, 'बगरमा मुसहर समुदायले उत्पादन गरेको तरकारीखेती नमूना रहेको र यसले यहाँका अन्य किसानलाई समेत लोभ्याउँदै गरेको छ।'

बेलगाछीमै रहेको जनजागरण कृषि सहकारी संस्थाले उनीहरुलाई तरकारीखेती गर्नका लागि समयसमयमा प्रशिक्षण र जैविक प्रविधिले खेती गर्न हौसला बढाइएको छ। संस्थाका अध्यक्ष काशी महतोले सहकारीले अहिले किसानलाई नर्सरी कसरी राख्ने, कति दूरीमा रोप्ने, सिँचाइ कसरी गर्नेलगायत सिकाइरहेको बताए। बगरखेती गर्नका लागि गौशाला नगरपालिकाले आर्थिक वर्ष २०७५/०७६ मा रु पाँच लाख बजेटले जग्गा सम्याउने र किसानलाई तरकारीखेती गर्नका लागि आर्थिक सहयोगसमेत उपलब्ध गराएको थियो। नगरपालिकाले यस वर्ष १० लाख बजेटसमेत बिनियोजन गरेको नगरपालिकाका प्रमुख शिवनाथ महतोले बताए।



# मध्यपहाडी क्षेत्रमा सहस्राब्दी पदमार्ग

**वासुदेव पौडेल/रासस**
पोखरा, १७ पुस

सहस्राब्दी पदमार्ग (मिलेनियम ट्रेक)को थप प्रवर्द्धन र विकास गर्न सद्भावना दूत नियुक्ति गरिने भएको छ।

तनहुँको दुलेगौँडाबाट स्याङ्जाको रामबाछालाई जोड्ने सो पदमार्गको दूरी ७२ किलोमिटर रहेको छ। मिलेनियम ट्रेक व्यवस्थापन समितिले पदमार्ग क्षेत्रमा ५० हजार पदयात्री हिँडाउने लक्ष्य सार्वजनिक गर्दै स्वदेश तथा विदेशमा दूत नियुक्तिको तयारी गरेको हो। समितिले आगामी माघ महिनाभित्र स्वदेश एवं विदेशका लागि पदमार्गका सद्भावना दूत नियुक्ति गर्ने तयारी गरेको महासचिव हर्क गुरुङले जानकारी दिए।

'देश तथा विदेशमा ख्याती कमाएका व्यक्तिलाई सद्भावना दूत नियुक्ति गर्ने तयारी गरेका छौं। उहाँहरूका माध्यमबाट मिलेनियम ट्रेकको प्रचारप्रसार गरिने छ।'

समितिले पदमार्गको समग्र विकास र प्रवर्द्धनका लागि वृहत् गुरुयोजना तयार गरेको जनाएको छ। पदमार्ग क्षेत्रका प्रकृति र संस्कृतिलाई समेट्दै अघि बढ्ने गुरुयोजनामा रहेको छ।

टान पश्चिमाञ्चल क्षेत्रीय संघका पूर्व अध्यक्ष डम्बरबहादुर केसीले पदयात्रा पर्यटनको सम्भावना देखेर सन् २००० मा अवधारणा अघि सारिएको जानकारी दिए।

उनले भने,'पदयात्रा पर्यटन उत्तर तर्फ हिमालको फेदीतिर मात्रै विकास भइरहेको अवस्थामा मध्यपहाडी क्षेत्रमा पनि उत्तिकै सम्भावना छ है भन्ने सन्देश दिनका लागि हामीले यसको अवधारणा अघि सारेका हौं।'

पदमार्ग क्षेत्रमा पर्यटकीय सम्पदाको पहिचान गर्दै धार्मिक, ऐतिहासिक एवं पुरातात्विक सम्पदाको संरक्षण र विकासका गर्ने गुरुयोजनामा रहेको छ। योजनामा पदमार्ग क्षेत्रमा पर्ने रक गार्डेन, चरा पर्यटन सम्भावना, मिलेनियम गुफा, थुम्काथुम्कीलगायतको संरक्षण तथा उपयोग गर्ने र कृषिलाई पर्यटनसँग जोड्ने लक्ष्य रहेको छ।

नेपाल पर्यटन बोर्ड पोखरा कार्यालयको सहयोगमा पदमार्ग क्षेत्रका विभिन्न ४४ वटा स्थानमा संकेत पाटी राखिसकिएको र यस आर्थिक वर्षमा काम जारी रहने जनाइएको छ। पर्यटन बोर्डकै सहयोगमा सहस्राब्दी पदमार्गको नयाँ नक्शाको तयारीका साथै चराचुरुङ्गीसम्बन्धी अध्ययन पनि भइरहेको छ। गण्डकी प्रदेश



सरकारले पनि पदयात्रा पर्यटनलाई महत्व दिँदै आएको छ। चालु आर्थिक वर्षमा सो पदमार्गसहित अन्नपूर्ण चक्रीय पदमार्ग र धौलागिरि पदमार्गका लागि १८ करोड रुपैयाँ विनियोजन समेत गरेको छ।

वालिङ नगरपालिका-२ राम्चेमा तमु सङ्ग्रहालय र पुतली बजार नगरपालिका-७ सादी खोलामा मिलन चौतारीपार्क निर्माण गर्ने प्रस्ताव गरिएको छ।

पदमार्ग क्षेत्रमा घरवासलगायतका व्यवसायमा पनि वृद्धि भएको मिलेनियम भैँसेगौँडा सामुदायिक घरवासका अध्यक्ष एवं मिलेनियम ट्रेक व्यवस्थापन समितिका सदस्य बालकुमार गुरुङले जानकारी दिए।

पदमार्ग क्षेत्रमा मिलेनियम भैँसेगौँडा सामुदायिक होमस्टेसहित वालिङ नगरपालिका -३ स्थित सिङ्गारकोट, बुढाकोट र राम्चे, वडा नं- ४ स्थित गहते मनकामना, सुन्तलाबारी, भिरकोट नगरपालिका-५ स्थित केघा, शुक्लागण्डकी-१० स्थित रजस्थल, वडा १२ स्थित घरेडीमा घरवास सञ्चालनमा आइसकेका छन्।

त्यस्तै स्याङ्जाको पुतलीबजार नगरपालिका-७ स्थित सादीखोला, वडा- ११ स्थित राइपुर, वडा १२ का चन्द्रकोट र डाँडागाउँलगायत स्थानमा घरवास सञ्चालनमा आइसकेको छ। पदमार्ग क्षेत्रको साविक राङभाङ गाविस वडा नं- ५ स्थित रहस्यमय गुफा जस्ता धेरै ठाउँ प्रचारको पर्खाइमा रहेको छ।

यहाँबाट धौलागिरिदेखि अन्नपूर्ण हिमालसम्मका दृश्य एकसाथ अवलोकन गर्न पाइन्छ। नेपालमा मात्रै पाइने काँडेभ्याकुर, लोपोन्मुख गिद्धलगायत १३४ प्रजातिका चरा पाइने भएकोले पदमार्ग क्षेत्रमा चरा पर्यटनकोसमेत ठूलो सम्भावना देखिन्छ।


**Dudhauli Municipality**
**Office of the Municipal Executive**
**Dudhauli, Sindhuli**
**Province No. 3, Nepal**

**Invitation for Bids for Construction of ward level Health care center, ward no-10**

**Date of Publications: 2076/09/18**

Dudhauli Municipality, Office of the Municipal Executive, Dudhauli, Sindhuli invites **Bids for Construction of ward level Health care center in Dudhauli Municipality-10 under National competitive bidding procedures specified in Public Procurement Act and Regulations.**

| Contract ID no. | Description of Works/ Bid Type | Estimated amount (Without VAT and Contingencies) | Minimum Bid Security Amount/days | Cost for bid documents |
|---|---|---|---|---|
| DMUN-22 -076/77 | Construction of ward level Health care center,ward no-10. | Nrs. 35,77,586.20 | Nrs.1,25,000.00/120 days | Nrs. 3,000.00 |

1. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Dudhauli Municipality, Office of the Municipal Executive, Dudhauli, Sindhuli. Website: www.dudhaulimun.gov.np & Phone No. 047-412051/412052.or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp. Bidders should submit the copy of a) company/firm registration certificate b) VAT registration form c) TAX clearance certificate of F/Y 2075/76 d) Power of Attorney during submissing their bid electronically.
2. Bidder who submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid, should deposit the cost (as specified above) of bidding document in the Project's Sanchit Kosh (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of submission of the bids.
3. Information to deposit the cost of bidding document in Bank:-
Name of the Bank: Nepal Bank Limited, Dudhauli Branch, Sindhuli.
Name of Office:- Dudhauli Municipality, Office of the Municipal Executive,
Sanchit Kosh (Revenue) Bank Account No.: 25203000000004001001
Dharauti Account No: 25203000000003000001
4. Pre-bid meeting shall be held at Dudhauli Municipality, Sindhuli at 2:00 PM on 2076/10/03.
5. Electronic bids must be submitted to the office through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 2076/10/19. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2076/10/19 at 14:00 PM in the office of Dudhauli Municipality,Dudhauli. Bids must be valid for a period of 90 days after bid opening.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.The Dudhauli Municipality, Office of the Municipal Executive, Dudhauli, Sindhuli reserves the right to accept or reject, wholly or partly and or all the bids without assigning reason, whatsoever.
9. Bidding will be conducted through the electronic bidding procedure as specified in the table above and matter not specified in this notice and the biding documents follows according to the procurement Act 2063 and procurement regulation 2064 of Nepal.

**Chief Administrative Officer**



**Fewa HR Solutions Pvt. Ltd.** श्रम इजाजत नं. १४८५/०७४/०७५
P.O. Box: 6313, KMC-32, Tinkune, Kathmandu, Tel: 01-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com

**साउदीमा रोजगार** | कम्पनी: BR. ASIAN MINDS EQUIPMENT RENTAL शहर: RIYADH

पूर्व स्वीकृत मिति: २०७६/०९/१७ चलानी नं.: ६०१४९४४० LT. No.: 230445

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Road Equipment Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ५४,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता यस संस्थाको कार्यालय, काठमाडौंमा पुस २५ गते (10 Jan. 2020) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।



**कतारमा रोजगार** | १. कम्पनी : AL GHYS LTJARTULADWAT WALMSTLZMAT AL BHRYH शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७६/०९/१७ चलानी नं.: ६०१४९४५७ LT. No.: 230353

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 1 | 0 | स. काममा दक्ष | 900 | २८,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : WAVES CLEANING AND HOSPITALITY शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७६/०९/१७ चलानी नं.: ६०१४९४५५ LT. No.: 230400

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 4 | 0 | स. काममा दक्ष | 900 | २८,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : REMASH WEDDING AND EVENTS शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७६/०९/१७ चलानी नं.: ६०१४९४५६ LT. No.: 230357

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | स. काममा दक्ष | 900 | २८,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : AL SARF TRADING & CONT . WLL. शहर : QATAR

पूर्व स्वीकृत मिति: २०७६/०९/१७ चलानी नं.: ६०१४९४५९ LT. No.: 230401

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 3 | 0 | स. काममा दक्ष | 1400 | ४३,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी : AL RAYYAN DESIGN AND DECORATION शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७६/०९/१७ चलानी नं.: ६०१४९४५८ LT. No.: 230355

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 10 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २८,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 1400 | ४३,७१० | | | | | | | |

६. कम्पनी : KRISTOL TRADING & CONTRACTING WLL शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७६/०९/१७ चलानी नं.: ६०१४९४६० LT. No.: 230359

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | सम्बन्धित काममा दक्ष | 900 | २८,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason | 4 | 0 | | 1100 | ३४,३८० | | | | | | | |
| 3. | Electrician | 1 | 0 | | 1100 | ३४,३८० | | | | | | | |

७. कम्पनी : FAHIMA AKTAR TRADING & CONTRACTING SERVICES W.L.L शहर : DOHA

पूर्व स्वीकृत मिति: २०७६/०९/१७ चलानी नं.: ६०१४९४५४ LT. No.: 230351

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gen Clean Workers | 5 | 0 | स. काममा दक्ष | 900 | २८,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा पुस २५ गते (10 Jan. 2020) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Dream & Guide System Pvt. Ltd.**
श्रम इजाजत नं. ६७१/०६३/०६४
Basundhara-3, Kathmandu, Nepal, Tel.: 01-4356478, 4355307, Fax : 01-4386871
Email: dreamguidesystem@gmail.com, website: www.dreamandguide.com

# पूर्वाञ्चल क्यान्सर अस्पताल सञ्चालनमा

**विष्णु नेपाल/सुरेन्द्र भण्डारी/रासस**
विर्तामोड, १७ पुस




'कुनै अप्ठयारो महशुस भएमा विस्तारै हात उठाउनुहोला । हामी बाहिर हुन्छौँ । केही हुँदैन । न आत्तिनु ।' डा.वीरेन्द्र यादवले स्वचालित स्टेचरमाथि सुतेका पदम मिश्रलाई सम्झाए ।

विर्तामोड- ८ गरामुनिका २९ वर्षीय मिश्रले बरर आँखाबाट आँशु झारे । 'म यहीँ छु । मेरो त घाँटी नै काटिएको थियो । मलाई एकपटक हेर त ! ?' समाजसेवी दुर्गा प्रसाईंले उनलाई आँशु पुछिदिँदै थप सान्त्वना दिए ।

युवापुस्ताका चर्चित क्यान्सररोग विशेषज्ञ डा यादवका अनुसार मिश्रलाई ठूलो आन्द्रामा क्यान्सर पुष्टि भएको थियो । क्यान्सरका सेललाई नष्ट गर्न पहिलो पटक 'रेडियोथेरापी' दिइँदै थियो । उनलाई 'ट्रयुब विन लाइनर एक्सिलेटर' अत्यधुनिक उपकरणमार्फत रेडियसन दिएको थियो ।

अमेरिकामा निर्मित अत्याधुनिक सो उपकरण संसारका उत्कृष्ट कहलिएका अस्पतालले प्रयोगमा ल्याएका छन् । 'रेडियसन दिने पछिल्लो पुस्ताको आधुनिक उपकरण जुनदेशमा गए पनि उही हो', डा.यादवले भने ।

भारतको मेदान्त क्यान्सर अस्पताल छाडेर केही गरौँ भन्ने भावनाका साथ उनी स्वदेश फर्किएका थिए । पूर्वाञ्चलमा क्यान्सर अस्पताल स्थापना गर्ने अभियानमा जोडेका थिए ।

अस्पतालले बुधबारदेखि औपचारिकरुपमा आफ्नो सेवा सञ्चालनमा ल्याएको छ । पहिलो दिन २७ जना बिरामीले थेरापीका लागि नाम दर्ता गराएका छन् ।

'यो हाम्रो सेवा दिने अवसर हो, सेवामा केही कमि रहँदैन । उपकरण उही हो, ज्ञान उही हो । अमेरिका गए पनि पाउने सुविधा यही हो ।' अस्पतालमा मेडिकल निर्देशकसमेत रहेका यादव भन्छन् ।

बिएण्डसी अस्पताल हाताभित्र निर्माणाधीन आधुनिक भवनमा अस्पतालले 'मुस्कुराउँछ नयाँ जीवन...' भन्ने नाराका साथ सेवा थालनी गरेको हो । सेवा सञ्चालनमा आएपछि पूर्वाञ्चल क्षेत्रलगायत नेपालबाट क्यान्सर पहिचान तथा उपचार गर्न भारत तथा अन्यत्र देश जानुपर्ने अवस्थासमेत अन्त्य भएका बताइको छ ।

क्यान्सर पहिचान तथा उपचारका लागि उपचारका लागि आवश्यकपर्ने सबै प्रकारका उपकरण अस्पतालले केही सञ्चालनमा ल्याइसकेको छ । केही द्रुत गतिमा जडान कार्य जारी राखेको छ । ब्रेची थेरापी, पेट सिटी, गामा क्यामेरा, फोर डि पेटसिटी सिमुलेटर, म्यामोग्राम, ब्रेन ल्याब, न्युरो नेभिगेसन सिष्टम, क्याथ ल्याब, डेक्सा स्क्यानको सेवा बिरामीले पाउने अस्पतालका सूचना तथा जनसम्पर्क अधिकृत प्रमिस गिरीले जानकारी दिन्छन् ।

पाठेघरको मुखको क्यान्सर उपचारमा ब्रेची थेरापी र स्तन क्यान्सरमा म्यामोग्राम अचुक उपकरण मानिन्छ । शरीरभित्रमा ट्युरका क्यान्सरका सेल पहिचान गर्न क्याथल्याब उपकरणको सहायता लिइने गरिन्छ । 'पेट सिटीलाई आई अफ अङ्कलोजी' भन्ने गरिन्छ । यो उपकरण काठमाडौं उपत्यका बाहिर पहिलो पटक अस्पतालले सञ्चालनमा ल्याएको छ । सरकारले हालसम्म आफ्ना अस्पतालबाट पेट सिटी सेवा उपलब्ध गराउन सकेको छैन । यसले क्यान्सर रोग पहिचान र उपचार गर्न कोशेढुङ्गाका रुपमा काम गर्छ ।

अमेरिका र जर्मनीमा बनेका ती केही उपकरणलाई हालसम्म नेपालका कुनै अस्पतालले सञ्चालनमा ल्याउन सकेका छैनन् । उपकरणको मूल्यमात्र करिव एक अर्बभन्दा माथि र समग्र अस्पतालको पूर्वाधारमा चारअर्ब रुपैयाँ खर्च हुने जनाइएको छ ।

'क्यान्सरको उपचार नपाएर कोही अकालमा मृत्यु हुन नपरोस् भन्नका लागि अस्पताल बनाउने सपना देखेको हुँ । करिब ३०० शैचयाको अस्पताल सञ्चालमा ल्याउने लक्ष्य रहेको छ । शुरुआत १०० शय्याबाट भएको छ । झापालाई 'मेडिकल हब' बनाउने मेरो सपना छ ।'

अस्पतालका कार्यकारी निर्देशक समेत रहेका प्रसाईं भन्छन् ।

भारतमा उनले केही वर्ष अगाडि घाँटीको क्यान्सरको उपचार गराउनुभएको थियो । 'मेरो पीडा जस्तो अरुले खेप्न नपरोस् । समयमा उपचार पाएर पो म कालको मुखबाट बाँचे नत्र । यसपछि सबैकुरा त्यागेर देशलाई क्यान्सर मुक्त बनाउने अभियानको आधार तयार गर्न दृढतले लागेँ', उनले आफ्ना भोगाई सुनाउँछन् ।

पछिल्लो समय मेदान्त तथा राजिवगान्धी क्यान्सर अस्पतालका बिरामीमध्ये तेस्रो सङ्ख्यामा नेपाली हुने गरेको बताइन्छ । नेपालबाट ती दुई अस्पतालमा मात्र वर्षेनी कति नेपाली क्यान्सर उपचारमा जान्छन् भन्ने तथ्यांक छैन । झापा जनस्वास्थ्य स्वास्थ्य कार्यालयबाट गत वर्षमात्र ४०० क्यान्सर रोगीले सिफारिस लिएका थिए ।

नेपालमा वर्षेनी विभिन्न प्रकारका क्यान्सरबाट मात्र १५ हजारभन्दा बढीको अकालमा मृत्यु हुने प्रक्षेपण विश्व स्वास्थ्य सङ्गठनले गरेको छ । क्यान्सर पहिचान भई उपचारबाट ३० प्रतिमात्र जोगिएका छन् । ७० प्रतिशतको अकालमा मृत्यु हुने गर्दछ । विकसित देशमा यो अवस्था ठिक उल्टो रहेको छ ।

**रिफर होइन, रिफरल अस्पताल**

बिएण्डसी अस्पतालका मेडिकल निर्देशक प्रा.डा.निराजन पराजुली जनशक्ति, उपकरण र पूर्वाधारका दृष्टिकोणले अस्पताल उत्कृष्ट रहेको दाबी गर्छन् ।

'काठमाडौंका अस्पतालले मात्र होइन छिमेकी देशका अस्पतालले दिने स्वास्थ्य सेवा प्रदान गरेका छौँ । क्यान्सरलाई मात्र रिफर गर्नुपर्ने अवस्था थियो, यो पनि अन्त्य भयो', वरिष्ठ हाडजोर्नी विशेषज्ञ प्रा.डा पराजुली भन्छन् ।

गत वर्ष उनको नेतृत्वको चिकित्सक टोलीले करिब १५ घण्टाभन्दा बढी समय लगाई चटक्कै छिनेको खुट्टाको सफल शल्यत्रिया गरेको थियो । अस्पतामा अन्तरङ्ग तथा आकस्मिक सेवा लिन विशेष गरी झापा, इलाम, पाँचथर र ताप्लेजुङका बिरामीको चाप अत्यधिक रहेको छ । गत वर्षमात्र पाँच लाखभन्दा बढीले सेवा लिएको जनाइएको छ ।

स्त्रीरोग क्यान्सर विशेषज्ञ प्राडा ज्ञयनाथ बराल भन्छन्, 'चिकित्सकले सिकेको ज्ञानलाई उपकरणमार्फत सेवा दिने हो । उपकरण नभई सेवा दिन सकिँदैन । क्यान्सरका लागि त उपकरण विना केही गर्न सकिन्न । यहाँ अति आवश्यक सबै उपकरण रहेको छ । उपकरणविन ज्ञानको अर्थ रहँदैन । दुवै अस्पतालको शल्यक्रिया कक्षसहित सघन उपचार कक्ष संसारका अस्पतालका भन्दा कम रहेका छैनन् ।'

उनले चिकित्सा विज्ञान प्रतिष्ठान (न्याम्स) वीर अस्पताल तथा परोपकार स्त्रीरोग थापाथली अस्पतालमा लामो समय चिकित्सा शिक्षा र सेवामा बिताउनुभएको थियो । 'मेरो कार्यस्थल नेपाल र नेपाली हुन, बिरामी निको भई खुशी भएमात्र चिकित्सक सफल हुने हो । काठमाडौं मात्र नेपाल होइन नी !'

प्रा.डा.पङ्कज नेपाल आधुनिक आवश्यक सबै उपकरण र जनशक्तिसहित काठमाडौं बाहिर क्यान्सर अस्पताल सञ्चालन गर्नु चुनौतीपूर्ण कार्य रहेको बताउँछन् ।

उनले भने, 'पूर्वाञ्जल क्यान्सर अस्पतालले बिरामीको गुणस्तरीय सेवालाई केन्द्रबिन्दुमा राखेको छ ।'

# 'तिलासक्रायत' पर्वको चहलपहल



**महोत्तरी/मस-** मध्यपूर्वी तराई क्षेत्रमा 'तिलासक्रायत' पर्वको चहलपहल शुरु भएको छ । माघे सङ्क्रान्तिका दिन मनाइने यो पर्व महोत्तरीसहितका मध्यपूर्वी तराईका जिल्लामा केही दिन पहिले नै तयारी थालिएपछि जतातत्तै 'तिलासक्रायत' को चहलपहल बढेको हो । विशेषगरी मिथिला क्षेत्रमा नेपालीमा माघेसंक्रान्ति भनिने यो पर्वमा तिल, मुरी र चिउरालाई (सख्खर मिलाएर बनाइएका लड्डु) खाने/खुवाउने मैथिल चलन छ । आदिवासी थारु, दनुवार, बाँतर र मुसहरको त यो खास पर्व नै भएको हुँदा यी जाति समुदाय केही साता पहिले नै 'तिलासक्रायत' का लागि सामानको जोहो गर्न लाग्छन् ।

'परव (पर्व) आई त हाल्यो हजुर, बस् अब १०/११ दिन त हो', महोत्तरीको भङ्गाहा नगरपालिका-४ रामनगरको थरौटी बस्तीका करिब ७० वर्षीय सर्जुग खाँ थारुले पर्वका लागि ल्याइएको खसी देखाउँदै भने, 'छोरीचेली/ज्वाँइचेला, भाञ्जाभाञ्जी र नातिनातिना सबै बोलाइन्छन्, सामानको जोहो त गर्नै पर्‍यो नि !' मिथिलाका अन्य जाति समुदायमा यस पर्वका लागि साकाहारी परिकारकै चलन रहे पनि थारु, दनुवार, मुसहर र बाँतर समुदायमा भने आ-आफ्नो परम्पराअनुसार खसी, कुखुरा, हाँस र सुँगुरको मासु खाने/खुवाउने परम्परा रहि आएको छ ।

आउनै लागेको तिलासक्रायत (यता थारुले पनि तिलासक्रायत नै भन्छन्) पर्वको तयारी अन्य बस्तीमा भन्दा थरौटी (थारु बस्ती) मा विशेष देखिँदो छ । थारुले पर्वका लागि खसी, कुखुरा र हाँसको जोहो गरिसकेका छन् । मासुको जोहोबाहेक तिल, चिउरा र मुरी एवं नानीहरुलाई नयाँ लुगाको प्रबन्ध गर्नुपर्ने परम्पराले यो पर्व आफ्नो समुदायका लागि खास र अलि खर्चिलो हुने गरेको रायको भनाइ छ ।

'बरस (बर्ष) दिनको परब (पर्व) हो हजुर, यसपाली हाम्रो बस्तीका ३० घरलाइ दुई वटा सुँगुर ठिक पारिएका छन्', जिल्लाको बलवा नगरपालिकाको भगवतीपुर मुसहरीका अगुवा उत्तिम सादा मुसहरले भने, 'हुनेखानेलाइ त के भयो र हजुर, हामी गरिबले भने पहिले नै परबको जोहो गर्नुपर्छ ।'

पर्व नजिकिँदै गर्दा मिथिलाका बस्तीमा तिल कुट्ने, केलाउने र छाँट्ने व्यस्तता बढेको छ । त्यसैगरी मुरी (एक प्रकारको चामल भुटेर बनाइने भुजा)बनाउने र चिउरा कुट्ने चटारो देखिन्छ । पर्वका लागि बजारमा तिल, चिउरा र मुरी अहिलेदेखि नै भरिभराउ देखिएका छन् । मिथिलामा तिलासक्रायत (माघेसङ्क्रान्ति)पर्वमा बनाइने तिल, चिउरा र मुरीका लाई जाडो यामभरि खाजा खाने चलनले गर्दा आफ्नो गच्छेअनुसार सबैले बढी बनाउने गरेका छन् । यसबाहेक पर्वको समान छोरीचेली र मितकहाँ सनेस (कोसेली) पठाउने अनिवार्य जस्तै परम्पराले यो पर्वको तयारी मिथिलाका लागि खास बन्ने गरेको हो ।

# उपत्यकामा 'घुमुवा प्रहरी' हटाइयो

**काठमाडौं/मस-** महानगरीय प्रहरी कार्यालय रानीपोखरीले सादा पोशाकमा उपत्यका खटिने 'घुमुवा प्रहरी' हटाएको छ । मातहतका प्रहरी कार्यालयले शान्ति सुरक्षा र अपराध नियन्त्रणमा काम गर्दै आएको र महानगरीय अपराध नियन्त्रण महाशाखाको टोली सादा पोशाकमा खटिने भएकाले यसरी घुमुवा टोली हटाएको कार्यालयका प्रमुख, प्रहरी नायब महानिरीक्षक विश्वराज पोखरेलले बताए ।

उनले भने, 'घुमुवा टोलीको औचित्य देखिएन, आजैका मितिदेखि खारेज गरिएको छ, अब उनीहरु सबै पोशाक लगाएर शान्ति सुरक्षामा खटिनेछन्' प्रहरी नायब महानिरीक्षक पोखरेलले भने । उनका अनुसार उपत्यकामा प्रहरी वरिष्ठ उपरीक्षकको नेतृत्वमा २१ जनासम्म घुमुवा टोली परिचालन हुँदै आएका थिए ।

कार्यालयका एक प्रहरी अधिकृतले घुमुवा टोलीबाट अधिकार दुरुपयोगको सम्भावना बढेको बताए । उनीहरुप्रति प्रहरी संगठनभित्रै र बाहिर पनि सकारात्मक दृष्टिकोण नभएकाले हटाउनुपरेको जनाइएको छ । कार्यालय स्थापनादेखि यहाँ सादा पोशाकमा प्रहरी परिचालन हुँदै आएका थिए । प्रमुख फेरिएसँगै उनीहरु पनि फेरिन्थ्यो । यसपटक टोली हटाइएको सम्भवतः यो पहिलो हो ।

# विधेयकका केही प्रावधान सच्याउन माग

**काठमाडौं/मस-** नेपालका लागि नेपाली अभियानले मिडिया विधेयकका केही प्रावधान सच्याउन माग गरेको छ । अभियानले विधेयकका कपितय प्रावधानले नागरिकका मौलिक अधिकार, वाक तथा प्रेस स्वतन्त्रतालाई नै नियन्त्रण गर्न खोजेकाले त्यसलाई पुनःविचार गर्न आग्रह गरेको हो ।

बिहीबार आयोजित पत्रकार सम्मेलनमा अभियानका संयोजक तथा वरिष्ठ अधिवक्ता डा.सुरेन्द्र भण्डारीले विधेयकमा उल्लेख गरिएका कतिपय विषय राम्रा रहेको बताउँदै यसले डोमेन सञ्चालनको कुरा गम्भीरतापूर्वक समेटेकाले त्यसको सराहना गरे ।

उनले उक्त विधेयक ऐनको रुपमा आए यसले आधारभूत अधिकार, मानवअधिकार र लोकतान्त्रिक अधिकारलाई कुण्ठित गर्ने हुँदा पुनःविचार गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपानेले विधेयकले पत्रपत्रिकालाई थोरै जरिवाना र विद्युतीय सञ्चारमाध्यमलाई फौजदारी मुद्दाको व्यवस्था गरेकाले यो प्रावधान समानताको विपरीत रहेकाले सच्याउन आवश्यक रहेको विचार व्यक्त गरे ।

न्यौपानेले लोकतन्त्रलाई बलियो बनाउन सञ्चारमाध्यमको महत्वपूर्ण भूमिका हुने हुँदा यस क्षेत्रलाई नियन्त्रण गर्न नहुने बताउँदै सरकारले निराधार समाचार प्रवाह गर्ने माध्यमलाई भने कानून बनाएर नियन्त्रण गर्नुपर्ने बताए ।

## घुसलिएको आरोपमा पक्राउ

**काठमाडौं/मस-** प्रहरी चौकी त्रिभुवननगर, सर्लाहीमा कार्यरत प्रहरी नायब निरीक्षक(सई) राजेशकुमार सिंह र प्रहरी जवान मनोजकुमार यादवलाई घुसलिएको आरोपमा पक्राउ गरिएको छ ।

सिंह र यादवलाई सेवाग्राहीसँग ५० हजार घुस बापतको रकम लिँदै गर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले पक्राउ गरेको हो । प्रवक्ता प्रदीपकुमार कोइरालाका अनुसार उनीहरूले भारतीय सीमा नाकाबाट नेपालतर्फ घरायसी सामान भित्र्याउने काममा सहज गराई दिने भनी सेवाग्राहीसँग घुस माग गरेको, रकम नदिएमा लागूऔषध मुद्दा चलाउने भनी धम्काइ कुटपिटसमेत गरेको पाइएको छ ।


## Invitation for Bids

### Chaukune Rural municipality

Invitation for Bids for the **Construction of Lamakhet Watersupply Project at Chaukune-02 Bola, Construction of Kumala Lift Irrigation Project**

Date of publication: 2076/09/18

1. Chaukune Rural Municipality invites sealed bids or electronic bids16 from Nepalese eligible bidders for the construction of Construction of LamakhetWatersupply Project at Chaukune-02 Bola,Construction of Kumala Lift Irrigation Projectunder National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Chaukune Rural Municipality Gutu ,Surkhetor may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the office Chaukune Rural Municipality and the office by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of 3000 till 2076/10/18during office hours.

Or

Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp,.Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa(revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank
Name of the Bank: Laxmi Bank Name of Office: Chaukune Rural Municipality
Office Code no. :096 Office Account no.: 09611000177

4. Pre-bid meeting shall be held at Chaukune Rural Municipality Gutusurkhet at 2076/09/27 15:00hours
5. Sealed or electronic bids must be submitted to the office Chaukune Rural Municipality by hand or through PPMO website www.bolpatra.gov.np/egpon or before 12 AM on 2076/10/19. Bids received after this deadline will be rejected.
Kalimati Dol, Sinamangal-9,Kathmandu, Tel: 4496093, 4497897
Email:- info@wishhrsolution.com, wishhr1425@gmail.com

### यूएईमा रोजगार | १. कम्पनी: TOP UP CLEANING AND TECHNICAL SERVICES LLC शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०७६/०९/१७ चलानी नं.: ६०१४९४३६ L.T. No.: 230441

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Archive Clerk | 0 | 1 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Reception Clerk | 0 | 1 | | 1200 | ३७,२१० | | | | | | | |
| 3. | Cleaning Worker | 0 | 6 | | 800 | २४,८१० | | | | | | | |

२. कम्पनी: AL KANZ BLDG CLEANING SERVICES शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०७६/०९/१७ चलानी नं.: ६०१४९४४१ L.T. No.: 230438

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 5 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २४,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Window Cleaner | 3 | 0 | | 800 | २४,८१० | | | | | | | |
| 3. | Building Exterior Cleaner | 2 | 0 | | 800 | २४,८१० | | | | | | | |

३. कम्पनी: BEST EVER FACILITIES MANAGEMENT L.L.C शहर: DUBAI
पूर्व स्वीकृत मिति: २०७६/०९/१७ चलानी नं.: ६०१४९४४२ L.T. No.: 230437

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 32 | 0 | स. काममा दक्ष | 800 | २४,८१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा पुस २५ गते (10 Jan. 2020) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Samridhha Human Resources Pvt. Ltd.**
Gov. Lic No. 1045/073/074
Hattigaunda-08, Kathmandu, Tel: 01-4371370, 4371369, 9803094618, 9813033715
Email: info@samriddhahr.com, Web.: www.samriddhahr.com

साथै यसै प्रा.लि.को लागि **Documentation-1 Female** को आबश्यकता परेको हुदा योग्य र ईच्छुक व्यक्तिहरूले आफ्नो CV सहित यस कार्यालयमा सम्पर्क राख्नुहोला ।

### UAE र SAUDI मा बैदेशिक रोजगारको अवसर

1.Company: POWER PLUS SECURITY SERVICES LLC, UAE
पूर्व स्वीकृती मिति: २०७६/०९/११ L T. No. 229697 चलानी नं. ६०१४९११९

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Administrative Manager | 1 | सम्बन्धित काममा दक्ष | 2000 | ६१,८८० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |
| २. | Security Manager | 1 | | 3000 | ९२,८२० | | | | | | | |
| ३. | Security Guard | 15 | | 1200 | ३७,१२८ | | | | | | | |
| ४ | Light Vechicle Driver | 1 | | 2500 | ७७,३५० | | | | | | | |

2. Company: TRADITION INTERNATIONAL LLC, Abu Dhabi,
पूर्व स्वीकृति मिति: २०७६/०९/१५ LT. No. 230321 चलानी नं. ६०१४९३७१

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | मासिक तलब AED | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 1 | 1200 | ३७,१२८ | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छ | छ | २ वर्ष |
| 2 | DRESSMAKER | 7 | 1200 | ३७,१२८ | | ८ घण्टा | ६ दिन | | छ | छ | |

3. Company: Shams Al-Huda Cont. Est., Saudi Arabia
पूर्व स्वीकृती मिति: २०७६/९/१५ चलानी नं. ६०१४९३७० LT No.: 229084

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Labour | 1 | काममा दक्ष | 1200 | ३६,५५२।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता २०७६ पुस २५ (10 Jan 2020) गते यस प्रा. लि. को कार्यालयमा हुनेछ ।**

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:- १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**Empire International Pvt. Ltd.** Lic. No. 695/063/064
Shantinagar, Kathmandu, Nepal, Phone No.: 4621348, 9864224814

# चौथो चरण सकियो, एपीएफको पहिलो जित

**मध्यान्ह संवाददाता**
काठमाडौं, १७ पुस



शहीद स्मारक ए डिभिजन लिग फुटबलमा विहीबारसम्म चौथो चरणका खेलहरु सम्पन्न भएका छन् । पहिलो चरणको खेल सातदोवाटोस्थित एन्फा मैदानमा उद्घाटन भएको लिगको चौथो चरण पनि सातदोवाटोमै पुगेर सम्पन्न भएको हो । दशरथ रंगशालामा भ्रमण वर्ष २०२० को उद्घाटन गरिएकाले लिगका चौथो चरणका खेलहरु सातदोवाटोमा आयोजना गरिए । पाँचौं र छैटौं चरणको खेलहरु भने दशरथ रंगशालामा आयोजना हुने छ ।

चौथो चरणको खेलसकिँदा शीर्ष स्थानमा रहेको मनाङ मर्स्याङदी र दोस्रो स्थानमा रहेको मछिन्द्र क्लबले मात्रै अपराजित यात्रा कायमै राखेका छन् । मनाङले तीन खेलमा जित दर्ता गर्दा चौथो चरणको खेलमा भने बराबरीमा चित्त बुझाउँदै १० अंक पुर्‍याएको छ। दोस्रो स्थानको मछिन्द्रले तीन खेलमा जित र एक खेलमा बराबरी गर्दै १० अंक हुनुपर्ने भए पनि गत संस्करणमा पुछारबाट दोस्रो स्थानमा रहेकाले १ अंक घटाइएको छ । जसका कारण ९ अंकसहित दोस्रो स्थानमा राखेको हो । त्रिभुवन आर्मी ९ अंकसहित तेस्रो स्थानमा रहेको छ । चौथो चरणको खेलमा आर्मीले थ्रीस्टारलाई पराजित गर्दै नयाँ इतिहास बनाएको छ । आर्मीले २०६२ साल पछि पहिलो पटक थ्रीस्टारलाई पराजित गरेको हो । जारी लिगमा ८ अंक जोडेको जावलाखेल पनि अपराजित रहँदै चौथो स्थानमा रहेको छ । ७ अंकसहित नेपाल पुलिस र थ्रीस्टार क्रमश पाँचौं र छैटौं स्थानमा छन् ।

सातौं स्थानमा व्रिगेड ब्वाईज ६ अंक बनाएको छ। आठौं स्थानमा रहेको एनआरटीले ६ अंक बनाए पनि गत संस्करणमा पुछारमा रहेकाले २ अंक घटाउँदै ४ अंकमात्रै तालिकामा बनाएको छ।

च्यासल, एपीएफ र संकटा क्रमश नवौंदेखि ११ औं स्थानमा रहँदै तालिकामा चार अंक नै बनाएका छन् । १२ औं स्थानमा रहेको हिमालयन शेर्पाले २ अंक मात्रै बनाएको छ भने फ्रेन्ड्स १ अंकसहित तालिकाको तेह्रौं स्थानमा छ । यस्तै तालिकाको पुछारमा रहेको सरस्वती क्लबले अहिलेसम्म जितको स्वाद भने चाख्न पाएको छैन। यो लिगबाट एउटा मात्रै टिम रेलिगेशनमा पर्ने छ।

चौथो चरणको अन्तिम खेलमा विहीबार विभागीय टोली सशस्त्र प्रहरी बल (एपिएफ)ले पहिलो जित दर्ता गराएको छ । ललितपुरको सातदोबाटोस्थित एन्फा (अखिल नेपाल फुटबल सङ्घ) कम्प्लेक्समा एपिएफले सरस्वती युवा क्लबलाई २-१ गोलअन्तरले पराजित गर्दै जारी लिगमा पहिलो जित दर्ता गराएको हो ।

एपिएफको जितमा आशिष लामा नायक बने। उनले खेलको ६३ औं मिनेटमा गोल गर्दै एपिएफलाई पहिलो अग्रता दिलाए। त्यस्तै खेलको दोस्रो हाफको अत्तिरिक्त समयमा आशिषले व्यक्तिगत दोस्रो गोल गर्दै एपिएफको जित सुनिश्चित गरे । आशिषले गोल गरेलगत्तै सरस्वतीका विनोद केसीले एक गोल फर्काएका थिए ।

# ईपीएलमा विदेशी खेलाडीलाई नयाँ नियम

**काठमाडौं, मस-** यसै वर्ष आयोजना हुने एभरेष्ट प्रिमियर लिग क्रिकेट (ईपीएल)का लागि खेलाडीका लागि नयाँ नियम बनाइएको छ। यस पटक नेपालमा भएका अन्य दुई फ्रेन्चाईज लिग पोखरा प्रिमियर लिग (पीपीएल) र धनगढी प्रिमियर लिग (डीपीएल) खेलेका विदेशी खेलाडीहरुले ईपीएल खेल्न पाउने छैनन् । यो निर्णयका कारण हालै पीपीएलमा म्यान अफ द सिरिज भएका सन्नी पटेलका साथै गौरव तोमर, रोहन मुस्तफा, बाबर हायत, पुनित मेहरा लगातका विदेशी खेलाडीले खेल्न पाउने छैनन् ।

आयोजक ईपीएलले विहीबार एक प्रेस विज्ञप्ती जारी गर्दै प्रतियोगिताको मिति पनि परिवर्तन गरेको छ । यसअघि फेब्रुअरी २९ देखी १५ मार्च सम्म हुने भनिएको ईपीएल नयाँ मिति अनुसार मार्च १४ देखि २८ अर्थात आगामी चैत १ गतेदेखि १५ गतेसम्म त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा हुने छ ।

यस्तै नेपाली राष्ट्रिय टोलीबाट खेलिरहेकाबाट तयार पारिएको १८ खेलाडीको सुचीबाट दुई टोलीको समझदारीमा मात्रै खेलाडी किनबेच गर्न सकिने प्रावधान पनि नयाँ ल्याइएको छ ।

१८ जनाको सूचीमा पारस खड्का, ज्ञानेन्द्र मल्ल, दीपेन्द्र सिंह ऐरी, विनोद भण्डारी, करण केसी, शरद भेषावकर, आरिफ शेख, सन्दीप लामिछाने, रोहित कुमार पौडेल, ललित नारायण राजवंशी, कुशल भुर्तेल, सुवास खकुरेल, पवन सराफ, वसन्त रेग्मी, प्रदीप ऐरी, सुसन भारी, अभिनास बोहोरा र सोमपाल कामी रहेका छन् ।

यी खेलाडीलाई कुनै टोलीले अनुबन्ध गर्न न्युनतम मूल्य २ लाख रुपैयाँमा तिर्नुपर्ने छ । २ लाख भन्दा माथिको मुल्य अनुबन्ध गरे ६० प्रतिशत खेलाडी र ४० प्रतिशत आयोजकको नाममा हुने छ । जनवरी २ देखि ९ सम्म खेलाडी किनबेचका लागि समय दिइएको छ ।

यस्तै आसन्न ईपीएलमा आइकोनिक प्लेयर टेस्ट नेशनबाट राख्ने निर्णय पनि यस अघिनै भइसकेको छ। यस्तै प्रतियोगितालाई विश्वव्यापीकरण गर्ने उद्देश्यले भारतको डी स्पोर्टससँग ब्रोडकास्ट सम्झौता पनि भइसकेको छ ।

सम्झौता अनुसार डी स्पोर्टसले इपीएलका सबै खेलहरु प्रत्यक्ष प्रशारण गर्नेछ । नेपालको घरेलु क्रिकेटलाई ग्लोल स्तरमा पुर्याउने उद्देश्यका साथ यो सम्झौता भएको इपीएलका प्रवन्ध निर्देशक आमिर अख्तरले बताएका छन् ।

# गणेशमान सिंह स्मृति राष्ट्रिय किक बक्सिङ अर्को महिना



**काठमाडौं, मस-** ललितपुर जिल्ला किक बक्सिङ संघको आयोजनामा वीर गणेशमान सिंह स्मृति तेश्रो राष्ट्रिय खुला किक बक्सिङ प्रतियोगिता माघ २ गतेदेखि हुने भएको छ । प्रतियोगितामा विभिन्न १२ टिमका करिब २ सय खेलाडीको सहभागिता रहने आयोजक संघका अध्यक्ष विनोद महर्जनले बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए ।

कराते, उसु, बक्सिङ, तेक्वान्दो, आईटीएफ तेक्वान्दो, फुल कन्ट्याक्ट कराते, मुवाँथाई, किक बक्सिङ र तीन विभागीय टोली (आर्मी/प्रहरी/एपीएफ) को सहभागिता रहने छ । पुरुषमा ६ र महिलामा ५ गरी ११ स्पर्धामा प्रतिस्पर्धा हुने छ । प्रत्येक स्पर्धामा पहिलो हुनेले ३० हजार, दोश्रोले १५ हजार र तेश्रो हुने दुई खेलाडीले समान ८-८ हजार नगद पुरस्कार पाउने छन् ।

उत्कृष्ट पुरुष/महिला खेलाडीलाई जनही २५ हजार नगदबाट पुरस्कृत गरिने छ। टिममा शीर्ष स्थान हात पार्नेलाई १ लाख र दोश्रोलाई ५० हजार नगद पुरस्कार दिइने छ। आयोजक संघका संरक्षक एवं राष्ट्रिय खेलकुद परिषद्का पूर्व कोषाध्यक्ष मिनकृष्ण महर्जनले विगतको भन्दा प्रतियोगिता भव्य र व्यवस्थित हुने बताए । तीनदिने प्रतियोगिताका खेलहरु चापागाउँस्थित प्याङगाउँचौरमा हुने छ ।

# बक्सिङ स्वर्ण विजेता पुरस्कृत



**काठमाडौं, मस-** नेपालमा भएको १३ औं दक्षिण एसियाली खेलकुद (साग) अन्तर्गत बक्सिङका स्वर्ण विजेता खेलाडीलाई बिहीबार पुरस्कृत गरिएको छ । युके बस्दै आएका पूर्व बक्सिङ खेलाडी कुश बस्नेतको सहयोगमा स्वर्ण विजेता ३ खेलाडीलाई सम्मान गरिएको हो । नेपाल बक्सिङ संघको सहयोगमा कार्यक्रमको संयोजन वरिष्ठ बक्सिङ प्रशिक्षक ओमकुमार मास्केले गरेका थिए । बस्नेतले मास्के मार्फत नै पुरस्कार रकम पाठाएका हुन् ।

सागको बक्सिङ २ पुरुष र १ महिला खेलाडीले नेपाललाई स्वर्ण दिलाएका थिए । पुरुष ६० केजीमा सनिल शाही र ६४ केजीमा भुपेन्द्र थापाले स्वर्ण जितेका थिए । महिला ५४ केजीमा मिनु गुरुङले स्वर्ण जितेकी थिइन् । खेलाडीलाई जनही २५ हजार रुपैयाँ प्रदान गरियो । सोही अवसरमा बक्सिङका रजत र कांस्य विजेतालाई पनि मायाको चिनो प्रदान गरी सम्मान गरिएको थियो ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव रमेशकुमार सिलवाल, राखेपका सदस्य एवं नेपाल बक्सिङ संघका वरिष्ठ उपाध्यक्ष अर्जुन केसी, नेपाल बक्सिङ संघका अध्यक्ष राम अवालेलगायतले खेलाडीलाई पुरस्कृत गरे । सो अवसरमा सदस्य-सचिव सिलवालले पुरस्कार राशीलाई सानो/ठूलो भनेर तुलना गुर्न भन्दा पनि खेलाडीलाई सम्झनु मुख्य कुरा भएको धारणा व्यक्त गरे ।

'पुरस्कार राशी सानो होस् वा ठूलो । त्यसको मतलब हुन्न । विदेशमा बसेर पनि आफ्नो लगाव भएको खेलका पदक खेलाडीलाई बस्नेतजी (कुश) ले सम्झिनु भयो । त्यो महत्वपूर्ण कुरा हो ।' सदस्य-सचिव सिलवालले भने- 'विदेशमा बस्ने थुप्रै पूर्व खेलाडीहरु हुनुहुन्छ । सबैले आ-आफ्नो ठाउँबाट सहयोग गर्ने हो भने पुरस्कार राशी पनि ठूलै हुन्छ ।' सदस्य-सचिव सिलवालले खेलाडीले पाउनु पर्ने सागको पुरस्कार चाँडै दिन आफूले पहल गरिरहेको जानकारी दिए ।

बक्सिङ संघका अध्यक्ष अवालेले खेलाडीलाई पुरस्कार प्रदान गरेकोमा बस्नेतलाई धन्यवाद दिदै बक्सिङका रजत र कांस्य विजेतालाई पनि चाँडै पुरस्कार प्रदान गर्ने प्रतिबद्धता जनाए ।

# कर्णाली प्रदेशद्वारा पदक विजेता खेलाडी सम्मानित

**सुर्खेत, रासस**-कर्णाली प्रदेश सरकारले गत महिना नेपालमा सम्पन्न भएको दक्षिण एशियाली खेलकूद प्रतियोगिता (साग)मा उसु खेलमा स्वर्ण पदक जित्ने सुर्खेतका दीपक हमाललाई पुरस्कृत गरेको छ।

कर्णाली प्रदेश सरकार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयद्वारा सुर्खेतमा आयोजित 'नेपाल भ्रमण वर्ष सन् २०२०' को शुभारम्भ कार्यक्रममा शाहीसहित छ जना पुरस्कृत भएका हुन् । स्वर्ण पदक विजेता हमाललाई मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले रु तीन लाखसहित प्रमाणपत्र प्रदान गरे ।

त्यस्तै, साग खेलमा म्याराथनमा रजत पदक जित्ने सल्यानका पुष्पा भण्डारी, महिला भलिबलमा रजत पदक प्राप्त सुर्खेतका गीता राणा र ह्याण्डबलमा रजत पदक विजेता रुकुमपश्चिमका शारदा विकलाई जनही दुई लाखसहित प्रमाणपत्र प्रदान गरिएको छ । सोही प्रतियोगितामा पुरुष खो-खो खेलमा कास्य पदक जित्ने सुर्खेतका टेकबहादुर सार्की र बक्सिङमा कास्य पदक विजेता दैलखका चन्द्रकला थापालाई समेत प्रदेश सरकारले जनही एक लाखसहित प्रमाणपत्र प्रदान गरेको हो ।

# गाउँ-गाउँमा खेलकूदका पूर्वाधार : मन्त्री विश्वकर्मा



**पोखरा, रासस-** युवा तथा खेलकूदमन्त्री जगतबहादुर विश्वकर्माले वर्तमान सरकारले खेलकूदको विकासका लागि गाउँ-गाउँमा खेल पूर्वाधार निर्माणलाई प्राथमिकतामा राखेको बताएका छन् । पोखरा महानगरपालिका-२३ चापाकोटको बाम्दीमा विहीबार 'बाम्दी खेल मैदान'को शिलान्यास गर्दै उहाँले देशका लागि आवश्यक राष्ट्रिय अन्तरराष्ट्रियस्तरका खेलाडी उत्पादनका लागि सरकारले गाउँ-गाउँमा समेत खेल पूर्वाधार निर्माण गर्ने बताए ।

मन्त्री विश्वकर्मा नेपालमा हालै सम्पन्न १३औं दक्षिण एशियाली खेलकूद (साग) लाई लक्ष्य गरी निर्माण थालनी भएका खेलकूद पूर्वाधारसमेत छिट्टै सम्पन्न गरिने पनि स्पष्ट पारे । खेल क्षेत्रको विकासका लागि पूर्वाधार नै पहिलो आवश्यकता रहेकामा जोड दिँदै उनले भने, 'खेल क्षेत्रको विकास पूर्वाधारबिना सम्भव छैन, राष्ट्रका लागि चाहिने राष्ट्रिय/अन्तरराष्ट्रियस्तरका खेलाडी उत्पादनका लागि सरकारले पूर्वाधार निर्माणलाई नै मुख्य गरी जोड दिएको छ ।' मन्त्री विश्वकर्माले वर्तमान सरकारले सातै प्रदेशमा अन्तरराष्ट्रियस्तरको रङ्गशाला, ७५३ पालिकामा एक/एक खेलग्राम तथा एक वडा एक खेल मैदानलगायतका कार्यक्रममार्फत बिकट गाउँबस्तीमा समेत खेलकूद विकास गर्ने योजना अघि सारेको जानकारी दिए ।

फेवाताल किनारस्थित बाम्दीमा करीब १५ रोपनी जमीन समथर बनाएर खेल मैदान बनाउन लागिएको हो। मैदान सम्याएर पहिलो चरणमा भलिबल कोर्ट निर्माण गरिने बताइएको छ। युवा तथा खेलकूद मन्त्रालयको चालू वर्षको एक वडा एक खेल मैदान निर्माण कार्यक्रमअन्तर्गतको ५० लाख बजेटबाट भलिबल कोर्टलगायतका पूर्वाधार तयार गर्ने योजना रहेको बाम्दी खेल मैदान निर्माण उपभोक्ता समितिका अध्यक्ष भीम पराजुलीले बताए ।

कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य राजीव पहारीले गत प्रदेशसभा निर्वाचनको समयमा जनतामाझ व्यक्त गरिएको प्रतिबद्धता पूरा गर्ने सङ्कल्पअनुसार खेल मैदान निर्माण अघि बढेको चर्चा गर्दै बाँकी प्रतिबद्धतासमेत पूरा गरिने स्पष्ट पारे ।


UAE मा रोजगारको अवसर | Company : TAMAYAZ EMPLOYMENT SERVICES City: ABU DHABI

पूर्व स्वीकृत मितिः २०७६/०७/०३ चलानी नं.: ६०१४४८८४ L.T. No.: 225589

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Steel Fixer | 50 | 0 | स. काममा दक्ष | 1200 | ३७,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Stone Mason | 50 | 0 | | 1200 | ३७,४९० | | | | | | | |
| 3. | Construction Carpenter | 50 | 0 | | 1200 | ३७,४९० | | | | | | | |
| 4. | Scaffolder | 50 | 0 | | 1200 | ३७,४९० | | | | | | | |
| 5. | Building Labourer | 250 | 0 | | 800 | २४,९९० | | | | | | | |

फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट
रेड कार्पेट होटल, चितवनमा पुस २४ गते (9 Jan. 2020) मा
होटल दि मिरोर बुटवलमा पुस २५ गते (10 Jan. 2020)
स्वस्तिक कटेज बाकेमा पुस २६ गते (11 Jan. 2020) मा
सेन्टर क्यापिटल ट्रेनिङ सेन्टर, सुनसरीमा पुस २७ गते (12 Jan. 2020) मा
रामजानकी ट्रेनिङ सेन्टर, जनकपुर, धनुषामा पुस २८ गते (13 Jan. 2020) मा
मेनपावर कार्यालय, काठमाडौंमा पुस २९ गते (14 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

रसुवा ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ११३०/०७३/०७४
एयरपोर्ट, कालिमाटीडोल, काठमाडौं, फोन : ४११२८०८, ४११२८०९
E-mail : info@rasuwaoverseas.com, rasuwaoversease@gmail.com, Web.: www.rasuwaoverseas.com



वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।

Pasa INTERNATIONAL PVT. LTD.
Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६



जस्तो सीप उस्तै रोजगार
मुख्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर
अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.
जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर
फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्स: ५५५५७९४
E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np
नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ११०/०६३/०६४



UAE मा रोजगारको अवसर
Company : TRANSGUARD GROUP L.L.C., DUBAI
पूर्व स्वीकृत मितिः २०७६/०६/१३ पून स्वीकृत मितिः २०७६/०९/१७ चलानी नं.: ६०१४४२३० LT. No.: 224986 पून चलानी नं.: ५४७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 250 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaner | 300 | 228 | | 900 | २७,८४५ | | | | | | | |
| 3. | Cargo Loader / Porter | 100 | 0 | | 900 | २७,८४५ | | | | | | | |

Security Guard को हकमा उमेर २२ वर्षदेखि ४० वर्ष ननाघेको हुनुपर्नेछ । उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ । कम्तीमा SLC पास साथै अंग्रेजी भाषा राम्रोसँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ । कामको अनुभवको प्रमाण-पत्र, सक्कल राहदानी, बायोडाटा साथै हालसालै खिचिएको MRP Size को १२ प्रति फोटो अनिवार्य लिएर आउनु पर्नेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

अञ्जली टक्निकल इन्ष्टिच्यूट विर्तामोड, झापामा पुस २८ र माघ १३ गते (13 & 27 Jan. 2020) मा
होटल पाथिभरा इटहरी, सुनसरीमा पुस २९ र माघ १४ गते (14 & 28 Jan. 2020) मा
ग्रिन भ्याली पार्टीप्यालेस, बुटवल, रुपन्देहीमा माघ २ र १७ गते (16 & 31 Jan. 2020) मा
मेनपावर कार्यालय सामाखुसी, काठमाडौंमा पुस माघ ११ गते (25 Jan. 2020) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

ब्लू ओसियन ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ८६४/०६६/०६७
पि.ओ.बक्सः १५१४२, केपिसी १७५, गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल
फोनः ४३५१७३२, ४३६५८२६, फ्याक्सः ४३६४५७३,
मो.: ९८४८०५९१३८, ९८०१२२४१७०, ९८४८०३४०२०, ९८०१२२४१६५, ९८०१२२४१६६, ९८०१२२४१७१
E-mail: blueocean_o@yahoo.com, www.blueocean.com.np



साउदीमा रोजगारको अवसर | कम्पनीः NIBRAS ALJUBAIL EST शहरः KSA
पुर्व स्वीकृत मितिः २०७६/०९/१६ चलानी नं.: ६०१४९४२० LT. No.: 230101

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Window Cleaner | 1 | 0 | स. काममा दक्ष | 1200 | ३६,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा पुस २५ गते (10 Jan. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

पुमोरी ओभरसिज प्रा. लि.
श्रम इजाजत नं. ७६५/०६५/०६६
सुविधानगर, तिनकुने, काठमाडौं। फोनः ४१११८८५, ४१११८४१, फ्याक्सः ४१११७०५
info@pumorioverseas.com, www.pumorioverseas.com

# सुर्तीको आयात बढ्यो, औषधिको घट्यो

मध्यान्ह संवाददाता
काठमाडौं, १६ पुस




चालु आर्थिक वर्षमा सुर्ती तथा सुर्तीजन्य बस्तुको आयात उच्चदरले बढेको छ। भने निर्यात भने सिमित मात्रै देखिएको छ। चालु आवको पहिलो पाँच महिनामा ४ करोड ९१ लाखको सुर्तीजन्य वस्तु अन्तर्राष्ट्रिय बजारमा निर्यात गरेको छ। गत वर्षको तुलनामा साढे दुई करोड रुपैयाँको कमी आएको छ। गत वर्षको यही अवधिमा ७ करोड ५३ लाखको निर्यात भएको थियो।

सुर्तीजन्य वस्तुको आयात गत वर्षभन्दा भने उच्च बढेको देखिएको छ। आर्थिक वर्ष ०७६/०७७ को पहिलो पाँच महिनामा १ अर्ब २९ करोडको चुरोट तथा सुर्तीजन्य वस्तु आयात भएको भन्सार विभागको तथ्यांकले देखाएको छ।

विभागका अनुसार गत आर्थिक वर्षको साउनदेखि मंसिरसम्म ९३ करोड ४८ लाख रुपैयाँको सुर्तीजन्य पदार्थ आयात भएको थियो। तर यो वर्षको सोही अवधिमा १ अर्ब २९ करोडको सुर्तीजन्य पदार्थ आयात भएको छ।

प्रत्येक प्याकमा 'चुरोट तथा सुर्ती सेवन स्वास्थ्यको लागि हानिकारक छ' भनेर तस्बिरसहितको चेतावनी लेखिए पनि नेपाली समाजलाई त्यसले असर नगरेको तथ्यांकले देखाएको छ।

विभिन्न अध्ययनले विश्वमा ९० प्रतिशत क्यान्सर सुर्तीजन्य वस्तुको सेवनले हुने गरेको देखाएको छ। महंगो उपचार खर्च लाग्ने क्यान्सर रोग लागेका धेरै बिरामीको अल्पायुमै मृत्युसमेत हुने गरेको छ। चुरोट तथा सुर्तीमा भन्सार निरन्तर बढाइए पनि आयात बढ्दै गएको देखिएको छ।

यस्तै चालु आर्थिक वर्षको पाँच महिनामा गत वर्षको सोही अवधिको तुलनामा औषधिको आयात एक अर्ब २८ करोड रुपैयाँले घटेको छ। यो अवधिमा नेपालले १३ अर्ब २७ करोडको औषधि आयात गरेको भन्सार विभागको तथ्यांक छ। गत वर्षको यही अवधिमा १४ अर्ब ५५ करोडको औषधि आयात भएको थियो।

औषधिजन्य उत्पादनतर्फ चालु आर्थिक वर्षमा निर्यात भने बढेको छ। गत वर्पको भन्दा औषधिको निर्यात १२ करोड रुपैयाँले बढेको हो। चालु आर्थिक वर्षको पाँच महिनामा ६० करोड ३१ लाख रुपैयाँको निर्यात भएकोमा गत वर्ष सोही अवधिमा ४८ करोड ४ लाख निर्यात भएको थियो।

नेपालले चालु आर्थिक वर्षमा निर्यातको परिणाम वृद्धि गरेको छ भने आयात भने घटाएको छ।

# १० दिनमा २६ अर्ब निक्षेप

मध्यान्ह संवाददाता
काठमाडौं, १६ पुस



पछिल्लो १० दिनमा वाणिज्य बैंकहरुमा २० अर्ब भन्दा बढी निक्षेप संकलन भएको छ। यो रकम २७ वाणिज्य बैंकहरुमा जम्मा भएको रकम हो।

वाणिज्य बैंकको विवरण अनुसार पुस १० गतेसम्म २७ वाणिज्य बैंकमा ३० खर्ब १८ अर्ब निक्षेप संकलन भएको थियो। यो निक्षेत्र मंसिर मसान्तसम्म २९ खर्ब ९२ अर्ब रुपैयाँ निक्षेप संकलन गरेका थिए। यस हिसावले १० दिनमा बैंकमा २६ अर्ब रुपैयाँ संकलन भएको देखिएको छ।

१० दिनकै अवधिमा वाणिज्य बैंकको विवरणअनुसार १२ अर्ब रुपैयाँको मात्रै कर्जा प्रवाहा गरेका छन्। पुस १० गतेसम्म २७ वटा वाणिज्य बैंकले कुल २६ खर्ब ७८ अर्ब रुपैयाँ कर्जा प्रवाह गरेको विवरण रहेको छ। यी बैंकले मंसिर ३० गतेसम्म २६ खर्ब ६६ अर्ब ऋण प्रवाह गरेका थिए। राष्ट्र बैंकको परिपत्रअनुसार निक्षेपको ८० प्रतिशत कर्जा प्रवाहा गर्न पाउँछन्। यो अनुसार करिब २० अर्ब रुपैयाँ कर्जा प्रवाहा गर्न सकेपनि जम्मा १२ अर्ब रुपैयाँ मात्रै कर्जा प्रवाहा गरेका छन्। बैंकरहरुले कर्जाको माग न्यून रहेको बताएका छन्।

# एटिएमबाट एक दिनमा एक लाख रुपैयाँसम्म निकाल्न सकिने

मध्यान्ह संवाददाता
काठमाडौं, १६ पुस

नेपाल राष्ट्र बैंकले एटिएमबाट निकाल्न मिल्ने पैसाको सिमा फेरी बढाएको छ। त्यस्तै राष्ट्र बैंकले इन्टरनेट बैंकिङको सिमा पनि बढाएको छ। राष्ट्र बैंकले बिहीबार भुक्तानी प्रणली सम्बन्धी एकीकृत निर्देशन जारी गर्दै सीमा बढाएको हो। नयाँ निर्देशनअनुसार एक दिनमा एटिएमबा एक लाख रुपैयाँसम्म निकाल्न पाइने छ। यसअघि कृषि विकास बैंकका सिस्टम ह्याक गरी ठूलो रकम बाहिरिएपछि राष्ट्र बैंकले सिमा घटाएको थियो।

एटीएममार्फत एक दिनमा डेबिट कार्डमार्फत न्यूनतम ५ सय, प्रतिकारोबार २५ हजारसम्म निकाल्न पाइनेगरी एक दिनमा १ लाखसम्म नगद निकाल्न पाइने व्यवस्था गरेको हो।

अब विद्युतीय माध्यमबाट वालेट मार्फत मासिक ५ लाखसम्म भुक्तानी गर्न पाइने व्यवस्था गरेको छ। यसअघि यस्तो सीमा १ लाखसम्म थियो। यस्तै राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको एटिएम बुथमा राखिने सुरक्षा गार्ड हटाउन निर्देशन पनि दिएको छ। अब सीसीटीभीमार्फत नै एटीएमको गतिविधि निगरानी गरिने जनाइएको छ। राष्ट्र बैंकले मोबाइल तथा इन्टरनेट बैंकिङको माध्यामबाट गरिने भुक्तानीको अधिकतम सीमा तोकेको छ। मोबाइल बैंकिङमार्फत प्रतिदिन ५० हजार र प्रतिमहिना २ लाखसम्मको कारोबार गर्ने सकिनेछ।

इन्टरनेट बैंकिङमार्फत प्रतिदिन १० लाख र प्रतिमहिना ३० लाखसम्म भुक्तानी गर्न सकिनेछ भने प्रतिदिन १० लाख र प्रति महिना ५० लाखसम्म रकम पठाउन सकिने जनाइएको छ।

# कामना बैंकले ६.८ प्रतिशत नगद लाभास दिने




**काठमाडौं/मस–** कामना सेवाविकास बैंक लिमिटेडले चुक्तापुँजीको ६.८ प्रतिशत नगद लाभांश दिने भएको छ। बिहीबार सम्पन्न १३ आँ वार्षिक साधारण सभाले आर्थिक वर्ष २०७५/०७६ को मुनाफाबाट शेयरधनीहरुलाई हाल कायम दुई अर्ब ५४ करोड एक लाख ९५ हजार को ६८ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको हो। जसअनुसार वितरण हुने नगद लाभांश १७ करोड २७ लाख ३३ हजार हुन आउछ।

प्रविधिको स्तरोन्नती, नयाँ ग्राहक भित्राउन तथाव्यवसाय विस्तारकोनिमित्त बृहतशाखा सञ्जाल एवं दक्षतथा अनुभवी जनशक्ति प्राप्तिमा गरिएको लगानी आदिका बाबजुद यस आर्थिक वर्षको नाफाबाट ६.८ प्रतिशत प्रतिफल प्रदान गर्न सफल भएको बैंकका अध्यक्ष्यश्री सुदिपआचार्यलेबताए।

बैंकका अध्यक्ष सुदिप आचार्यले उक्त साधारणसभामा बैंकको आर्थिक वर्ष २०७५/०७६ कोवासलात, नाफा/नोक्सानहिसाब, नगदप्रवाहविवरण र सो सँग सम्बन्धित अनुसूचीहरुको वर्तमान अवस्थाको समिक्षा गरे। बैंकका प्रमुख कार्यकारी अधिकृत प्रविण बस्नेतले चालु आर्थिक वर्षको स्वीकृत बजेट तथा कार्यक्रमअनुसार निर्धारणगरिएकालक्ष्यहरु हासिल हुनेगरी कार्यक्रम संचालनगरेको बताए।

काठमाडौंको ज्ञानेश्वरमा केन्द्रीय कार्यालय रहेको बैंकले देशका विभिन्न भागहरुमा ११४ वटा शाखा रहेका छन्।

# एनआईसी एशिया र भिसाको सहकार्यमा १० प्रतिशत क्यासव्याक

**काठमाडौं/मस-** एन आई सी एशिया बैंक लिमिटेडले क्रेडिट कार्डवाहक गाहकवर्गहरुलाई नयाँ बर्ष २०२० को अवसरमा भिसा कार्डमार्फत खरिदमा भुक्तानी गर्दा १० प्रतिशत वा अधिकतम १५०० रुपैयाँसम्म क्यासव्याक प्रदान गर्ने भएको छ। यो अवधि २५ फेब्रुवरी २०२० सम्म रहेको छ।




उक्त अफर अन्तर्गत क्यासव्याक प्राप्तगर्न बैंकका डेविट एवं क्रेडिटकार्ड वाहकहरुले सामान वा सेवा खरिदगर्दा न्यूनतम पाँच सय तथा सो भन्दा वढीको खरिद गर्नुपर्ने तथा योजना अवधिमा कम्तीमा ५ पटक सम्म कारोवार गरिएको हुनुपर्नेछ। यस योजनाले नेपाल सरकारले घोषणा गरेको नेपाल भ्रमण वर्ष २०२० लाई समेत टेवा पुग्ने विश्वास बैंकले लिएको छ।

बैंकको मुलुकभर ३१३ शाखा कार्यालयहरु, ४०८ एटिएम, १०३ वटा एक्स्टेन्सन काउण्टर रहेका छन्।

# सञ्चार माध्यममा प्रत्यक्ष विज्ञापन गर्न पाईने




**काठमाडौं/मस–** अब विश्वभरबाट नेपाली संचार माध्यममा प्रत्यक्ष विज्ञापन गर्न पाईने व्यवस्था गरिएको छ। वेलकम एड्भरटाईजिङ् प्रा. लि र एडस्टार्टर प्रालिले हालसालै रणनितिक साझेदारी कायम गर्ने उदेश्य सहित एक सम्झौतापत्र माहस्ताक्षर गरेका छन्।

नेपाली संचारमाध्यमहरुमा विज्ञापन बुकिङ/संकलक र प्रसारण/ प्रकाशन गर्ने विषय सम्बन्धि उक्त सम्झौता पत्रमा वेलकम एड्भरटाईजिङ् का अध्यक्ष निर्मलराज पौडेल र एडस्टार्टर प्रा. लि का नेपालस्थित कार्यालय प्रबन्ध निर्देशक निरन्जन खनाल ले हस्ताक्षर गरे। यस सम्झौता अनुसार एडस्टार्टरले आफ्नो वेबसाईट मार्फत नेपाल र विदेशमा बस्ने दुबैकिसिमका विज्ञापन दाताबाट दिइएको विज्ञापन बुकिङ/संकलन गर्नेछ यसैगरि वेलकमले यस्ता संकलित विज्ञापनहरुलाई नेपालको छापा, टेलिभिजन र रेडियो/एफ.एम हरुमा प्रकाशन /प्रसारण गर्नेछ।

'नेपाली बजारमा आफ्नो विज्ञापन गर्न चाहने ब्यक्ति, कम्पनी र विज्ञापन एजेन्सीहरुले लामो समयदेखि बिभिन्न भौगोलिक, ऐतिहासिक र अन्य कठिनाईहरु सामना गर्नुपरेको छ। यस्ता समस्याहरुलाई निराकरण गरी विज्ञापनदातालाई आफ्नो विज्ञापन लगानीको उत्कृष्ट प्रतिफल दिलाउने हेतुले हामीले एडस्टार्टर सँग रणनितिक साझेदारी गरेका हौं,' वेलकम का अध्यक्ष पौडेल भने। 'अब विश्वभर छरिएर रहेका विज्ञापनदाताहरुले प्रत्यक्ष रुपमा नेपाली संचारमाध्यममा आफ्नो विज्ञापन प्रकासन/प्रशारण गर्न सक्नेछन्। त्यसैले यस साझेदारीले विगत केहि समयदेखि निरन्तर खस्किरहेको नेपाली विज्ञापन बजारलाईविस्तार गर्न महत्वपुर्ण भुमिका खेल्न सक्छ।'

यसैगरी एडस्टार्टरका खनाल हालै गरिएको सम्झौताले नेपाल र विदेशमा बस्ने विज्ञापनदाता र नेपाली संचार माध्यमबिच प्रत्यक्ष अन्तरक्रिया गराई दुबै पक्षलाई ब्यवसायिक लाभ प्राप्त गर्न सहयोग पुग्ने बताए।

# चेम्बरको कतारका लागि अवैतनिक प्रतिनिधिमा चम्लागाई



**काठमाडौं/मस–** नेपाल चेम्बर अफ कमर्सको कतारका लागि अवैतनिक व्यावसायीक प्रतिनिधिमा महेन्द्रप्रसाद चम्लागाईलाई नियुक्त भएका छन्।

नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष राजेश काजी श्रेष्ठले प्रमाणपत्र हस्तान्तरण गर्दै उनको कार्यकालमा नेपाल र कतारवीच द्धिपक्षिय आर्थिक, व्यापारीक, लगानी र पर्यटन प्रवर्द्धनमा ठोस टेवा पुग्ने अपेक्षा गरेको बताए।

त्यस्तै चेम्बरले उनको लामो व्यावसायीक शीप र अनुभवबाट द्धिपक्षीय आर्थिक वृद्धिमा भूमिका महत्वपूर्ण हुने अपेक्षा गरेको छ।

चम्लागाई उड्ल्याण्ड कन्ट्राक्टिङ एण्ड जेनरल सर्भिसेज (कतार) का प्रबन्ध निर्देशक हुन्।

# नेप्सेमा तीन अंकको ह्रास

**काठमाडौं/मस–** साताको अन्तिम दिन बिहीबार नेप्से परिसूचक ३.२९ अंकले घटेर ११६६.२१ अंकमा झरेको छ। बिहीबार कारोबारमा आएका १२ समूहमध्ये तीन वटा बाहेक सबै समूह रातास्मे देखिएका छन्। सबैभन्दा बढी होटल समूह १२ अंकले घटेको छ भने उत्पादनमूलक समूह ४१ अंकले उकालो लागेको छ।



बिहीबारको बजारमा शेयर कारोबार १५ करोड ९३ लाख रुपैयाँले बढेको छ। बुधबार ३७ करोड २९ लाख रुपैयाँ बराबरको शेयर कारोबार बिहीबार बढेर ५३ करोड २२ लाख रुपैयाँ बराबरको शेयर किनबेच भएको छ।

साताको अन्तिम कारोबारमा कूल १७० कम्पनीको १६ लाख ६० हजार कित्ता शेयर किनबेच भएको छ। जसमध्ये सबैभन्दा बढी शिवम् सिमेन्टको ९ करोड २१ लाख रुपैयाँ बराबरको शेयर कारोबार भएको छ।

# राष्ट्र बैंकको प्रवक्तामा भट्ट



**काठमाडौं/मस–** नेपाल राष्ट्र बैंकले बैंकको प्रवक्ताको जिम्मेवारी कार्यकारी निर्देशक डा. गुणाकर भट्ट दिएको छ। अनुसन्धान विभागको कार्यकारी निर्देशक रहेका उनलाई प्रवक्ता नियुक्त गरिएको राष्ट्र बैंकले जनाएको छ।

यसअघि प्रवक्ता रहेको लक्ष्मीप्रपन्न निरौला अवकाशका लागि बिदामा बसेपछि राष्ट्र बैंकले भट्टलाई नयाँ प्रवक्तामा नियुक्त गरेको हो।

अर्थशास्त्रमा विद्यावारिधि गरेको भट्टले चालु वर्षको मौद्रिक नीति तर्जुमाको संयोजन जिम्मेवारी लिएका थिए।

# फोरजी चलाउन २ सेट सिफारिस




**काठमाडौं/मस–** नेपाल टेलिकमले आफ्ना ग्राहकलाई फोरजी चलाउन १८०० र ८०० मेगाहर्ज दुवै ब्यान्डमा चल्ने मोबाइल सेट प्रयोग गर्न सुझाएको छ।

उपयुक्त मोबाइल सेटको अभावमा फोरजी सेवाबाट ग्राहक वञ्चित नहुन् भन्ने उद्देश्यले टेलिकमले फोरजी डाटा सेवामार्फत अधिकतम फाइदा लिन १८०० तथा ८०० मेगाहर्ज दुवै ब्यान्डमा चल्ने मोबाइल सेट प्रयोग गर्न सुझाएको हो।

कम्पनीले हाल देशका विभिन्न शहर तथा ग्रामीण क्षेत्रमा समेत फोरजी सेवा विस्तार गरिरहेको छ।

नयाँ मोबाइल सेट किन्दा यसको बक्समा उपलब्ध विस्तृत प्राविधिक विवरण हेरेर कुन मेगाहर्जमा चल्ने मोबाइल सेट हो भनी पत्ता लगाउन सकिन्छ।

त्यसैगरी मोबाइल चलाउँदा सेटको सेटिङमा नेटवर्कलाई जहिले पनि फोरजी नेटवर्क प्राथमिकतामा राख्नुपर्छ। यसो भएमा आवश्यकता अनुसार फोरजी वा अन्य प्रविधि प्रयोग गर्न सकिने कम्पनीले बताएको छ।

# टिभीएस एनटर्क १२५ रेस एडिसन सार्वजनिक

**काठमाडौं/मस–** टिभीएस मोटर कम्पनीले आज पोखरामा टिभीएस एनटर्क १२५ रेस एडिसन सार्वजनिक गरेको छ।



यो रेस एडिसनमा एलइडी डिआरएल र एलइडी हेडल्याम्प रहेको छ। यसमा हजार्ड ल्याम्प अथार्त आकस्मिक बत्ती पनि छ जुन रातो रंगको हजार्ड स्वीचद्वारा इनेबल गर्न सकिन्छ। स्कुटरमा भाइब्रेन्ट चेकर्ड फ्ल्याग ग्राफिकसँगै "रेस इडिसन" ले टिभीएसको रेसिङ पेडिग्रीलाई झल्काउछ। यो स्कुटर तीन संयोजन- म्याट ब्ल्याक, मेटालिक ब्ल्याक र मेटालिक रेड रंगमा उपलब्ध रहेको छ।

टिभीएस एनटर्क १२५, नेपालको स्पोर्टी ब्लुटुथ कनेक्टेड स्कुटर हो जुन प्रदर्शन, स्टाइल र प्रविधिका लागि परिचित छ। यो स्कुटर एक्सक्लुसिभ एप्लिकेसनसँग पेयर्ड गरिएको छ। टिभीएस कनेक्ट र रेस एडिसन प्रयोगकर्ताले स्पेशल रेस इन्सपायर्ड युजर इन्टरफेस एक्सेस गर्न सक्छन्।

टिभीएस एनटर्क १२५ रेस एडिसन कार्यक्रममा स्वस्तिमा खड्का, टिभीएस एनटर्क १२५ की ब्राण्ड एम्बेसेडर र जगदम्बा मोटर्सका भाइस प्रेसिडेन्ट दीपक अग्रवालले पोखराका पहिलो १० जना ग्राहकहरुलाई टिभीएस एनटर्क १२५ रेस एडिसन हस्तान्तरण गरेका छन्।

www.madhyanhadaily.com
मध्यान्ह दैनिकको
facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रिएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस्।
• CCTV, EPABX बिक्रि तथा मर्मत,
डि. आर. ट्रेडिङ्ग कन्सर्न

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरुलाई जानकारी गराईन्छ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
म्यालविस डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: मदनकुमार श्रेष्ठ